जि.प्र.का. भक्तपुर दर्ता नं. ६२/०६३/६४

www.thimitimes.com.np

थिमि न्यायका साप्ताहिक

थिमि टाइम्स साप्ताहिक

THIMI TIMES WEEKLY

हाम्रो मध्यपुर

PROMOTIONAL FUTSAL
फोन नं. ०१-६२१२८२१
मध्यपुर थिमि – ३, गठ्ठाघर
साझा पेट्रोल पम्प पछाडि

वर्ष १२ अङ्क ८ नेसं. ११३८ गुँलागाः दशमी २०७५ भाद्र २० बुधबार 5 Sept. 2018 Wednesday पृष्ठ ६ मूल्य रु १०/–

मध्यपुरमा देवीदेवता प्रकट हुने विचित्रका नाच

- (केके मानन्धर

इतिहास मै पहिलो पटक मध्यपुर थिमिमा एकैसाथ धेरै नाचहरु प्रदर्शनीमा आएको छ । आनुष्ठानिक र तान्त्रिक गुह्य पूजा विधिमा आधारित यी नाचसँगै हजारौं मध्यपुरबासीहरु पनि जुटेका हुन् । घनत्व बढी भएका पुराना बस्ती मध्ये बोडेमा यस वर्ष १२ वर्षे नीलबाराही नाच, नगदेशमा महाकाली तथा थिमिको साबिक चपाचो र बालकुमारीमा पाँच फरक नाचहरु प्रदर्शनीमा आएका छन् । सांस्कृतिक र धार्मिक महत्व बोकेका यी अमूर्त सम्पदाले कपियत ठाउँमा बन्द भएको एक दशक पश्चात जीवन पाएको छ भने बाँकी ठाउँमा निरन्तरता । हुन पनि २०५४ सालमा स्थापना भएको नगरको नारा "हाम्रो कला हाम्रो संस्कृति मध्यपुर थिमि हाम्रो सम्पत्ति" हो । यस वर्ष सम्पूर्ण मध्यपुरबासीको संस्कृतिप्रतिको समर्पनले नगरको नारलाई चरितार्थ गर्ने संकेत गरेको छ ।

विगतका वर्षहरुमा निश्चित ठाउँमा सीमित नाचहरु मात्र प्रदर्शनीमा आएका थिए । तर यस वर्ष भने सम्भवतः इतिहास मै पहिलो पटक एकैसाथ धेरै नाचहरु अस्तित्वमा देखियो । "यो वर्ष धेरै नाचहरु देखाइएका छन् । पहिला मलाई थाहा छैन" छयास्सी वर्षका स्थानिय मोहनलाल मानन्धरले जनाए । उहाँको भनाइ अनुरुप पनि नौ दशक यता मध्यपुर थिमिमा एकैसाथ यो वर्षको जस्तो धेरै नाचहरु प्रदर्शनीमा आएका छैनन् । शुरुका समयमा नाच सम्बन्धित लिखित दस्ताबेज कमै भेटिने भएर पनि यो वर्ष मध्यपुर थिमिका स्थानियबासीको संस्कृति मोह अधिक भएको दर्साउँछ ।

बोडेको नीलबाराही नाचः

मध्यपुर थिमिको साबित वडा नं. १, २ र ३ लाई बोडे नगरको रुपमा बुझ्नुपर्छ । यहाँ हरेक वर्ष बिस्केट जात्रामा जिब्रो छेड्ने तथा नेपाल संवत् अनुसार गुंलागा (दसौं महिना) दुतियादेखि नीलबाराही नाच नचाइँदै आएको छ । चार दिन सम्म विभिन्न देवगणका मुकुन्डो लगाएर नचाइने नीलबाराही नाच अन्तर्गत यस वर्ष १२ वर्षे मेला परेकोले एक दिन थप गरेर पाँच दिन सम्म हुने स्थानिय रमेश थापा श्रेष्ठले बताए । नीलबाराही नाचलाई राति, बिहान र दिउँसो नगरका भित्री टोल देखि चोकमा देखाउने गरिन्छ । बोडेको नारायणथान लाछिबाट सुरु भई लायकू छैँ, विष्णुघाट, महालक्ष्मीस्थान, भाँगुटोल, खांसी टोल, हुँदै पुनः नारायणथानमा पुगेर समापन गर्नुपर्ने परम्परा छ ।

तान्त्रिक नियममा बाँधिएर रहनुपर्ने यो नाचलाई प्रत्येक टोल तथा चोकमा धा बाजाको तालमा भुस्याः,

बाँकी अन्तिम पृष्ठमा

"आर्थिक तथा सामाजिक समृद्धिको साझेदार"
सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि.
Siddhartha Saving & Credit Co-operative Ltd.
मध्यपुर थिमि ४, शंखधरचोक, फोन ०१–६६३३२४६

विषय - नवौं बार्षिक साधारण सभामा उपस्थित हुने बारे ।

यस संस्था मिति २०७५/४/१४ गते शनीवार बसेको सञ्चालन समितिको २३४ औं बैठकले निर्णय गरे अनुसार **नवौं बार्षिक साधारण सभा** निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयर सदस्यहरुको उपस्थितको लागि अनुरोध गर्दछौं । साथै पत्र प्राप्त नभएमा यसै सुचनालाई आधारमानी सभामा उपस्थित भईदिनुहुन समेत अनुरोध गरिन्छ ।

कार्यक्रम
मिति : २०७५/भाद्र/३० गते शनिबार ।
स्थान : शंखधर पार्टी प्यालेस, शंदधरचोक
समय : विहान ११:०० बजे ।

छलफलका प्रस्तावहरू
१) अध्यक्षज्यूको शुभकामना मन्तब्य ।
२) सचिवज्यूको आ.व. २०७४/७५ को प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
३) कोषाध्यक्षज्यूको प्रतिवेदन सहित आ.ब. २०७५/०७६ सालको अनुमानित बजेट तथा कार्यक्रम पारित गर्ने ।
४) आ.व. ०७४/७५ सालको लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
५) लेखा सुपरिवेक्षण समितिको आ.ब.२०७४/०७५ सालको प्रतिवेदन पारित गर्ने ।
६) आ.व. ०७५/७६ सालको लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
७) विनियम संशोधन गर्ने सम्वन्धमा ।
८) समितिले समय समयमा बचत तथा ऋण नीति, व्याजदर, विलम्व शुल्क तथा अन्य बिषयहरुमा गरिएको छलफल गरि अनुमोदन गर्ने ।
९) नियमावली तथा कार्यविधि अनुमोदन गर्ने सम्वन्धमा ।
१०) शेयर लांभाश घोषणा गर्ने सम्वन्धमा ।
११) संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्वन्धमा ।
१२) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागि शेयर सदस्यहरुको तर्फबाट १२ जना प्रतिनिधि तोक्ने ।
१३) विविध ।

सचिव
राजेश श्रेष्ठ

पुनश्च
- स्वयं उपस्थित भई साधारणसभामा भाग लिने सदस्यहरुलाई मात्र पारवहन खर्च उपलव्ध गराउने व्यवस्था गरिएको छ ।
- सभा हुने दिन बिहान १०:३० बजे देखि उपस्थिति जनाउने पुस्तिका खुल्ला राखिने व्यवस्था गरिएको व्यहोरा अनुराध गरिन्छ ।
- बाल बचतकर्ताहरुलाई मायाको सौगात वितरण गर्ने हुँदा बचतकर्ता अभिभावक सहित यपस्थित हुन अनुरोध छ ।

भक्तपुरमा मौलाउँदो यौन व्यापार

भक्तपुर । भक्तपुरमा मौलाउँदै गएको यौन व्यापारका बारेमा बेला मौकामा चर्चा चल्ने गरेता पनि यसको नियन्त्रण तर्फ भने सरोकारवालाहरू निकाय तैं चुप मैं चुप बनेको गुनासो पोख्छन् स्थानियहरू । सामाजिक विकृतिको नियन्त्रण कसले गर्ने हा ? भन्ने प्रश्न गर्दछन् स्थानियहरू ।

टोल छिमेकमै खुलेका यस्ता व्यापारले युवा अवस्था तर्फ लागेका आफ्ना सन्तान कतै कुलतमा नफसुन् भन्ने चाहना भएता पनि परसंस्कृति ग्रहणको प्रभावले समाजलाई खाडल तर्फ लगेको देख्दा त्रसित बनेको बताउँछन् एक अभिभावक ।

आम्दानीको सजिलो माध्यम र सरकारले यौन व्यवसायमा लागेकाहरूलाई वैकल्पीक रोजगारको उपलब्धता गराउन नसक्दा भक्तपुरमा दिन प्रतिदिन यौन व्यापार मौलाउँदै गएको बताउँछन् यस क्षेत्रका जानकारहरू । आसपासका जिल्लाबाट आई भक्तपुरमा यौन व्यवसाय गर्ने गरेको बताउँछन् यौन व्यवसायलाई नजिकबाट अध्ययन गरिरहेका संघसंस्थाहरू । विगतमा अरनिको राजमार्ग अन्तर्गत कोटेश्वर देखि साँगासम्म खुलेका विभिन्न खालका होटल व्यवसायमा यौनधन्दा हुने गरेतापनि पछिल्लो समयमा सबैको सक्रियतामा यस्ता क्षेत्रमा यौनधन्दा नियन्त्रणमा आएको बताउँछन, स्थानिय राजेन्द्र सुवाल ।

यस्तै हाल कोटेश्वरदेखि भक्तपुरको जगाती क्षेत्र अन्तर्गतको सडक खण्डका भित्री स्थानहरू यौन व्यापारीका लागि उचित स्थान बनेको बताउँछन् जानकारहरू । उनीहरू भन्छन् राजमार्गमै ढोका जोडेर खुलेका केहि होटल र गेष्टहाउस बाहेक हाल भित्री स्थान यस्ता गतिविधिका लागि उपयुक्त थलो बनेको छ ।

उनीहरू भन्छन, विगतमा भक्तपुरमा विभिन्न स्थानबाट स्थानियहरूको दबाब सहन नसकि प्रहरीले नियन्त्रणको भूमिका निर्वाह गरेता पनि पछिल्लो समयमा एकाएक यौन व्यवसाय मौलाउँदा समेत नियन्त्रणमा सक्रियता नदेखाउँदा

बाँकी अन्तिम पृष्ठमा

थिमिमा संस्कृति सिक्दै भारतीय नेवाः युवा

मध्यपुर थिमि । भारतको पश्चिम बंगालस्थित डुबर्सका ५९ वर्षीय गणेशबहादुर प्रधानलाई नेवार भएर पनि नेवारी भाषा, संस्कार र संस्कृतिका बारे अनभिज्ञ हुँदा हिनताबोध हुन्थ्यो । भारतमा राजनीति र अखिल भारतीय नेवाः संगठनमा सक्रिय प्रधानलाई भारतमा नेवार जातिको एकताका लागि विभिन्न स्थानमा जाँदा नेवाः संस्कृतिको बारेमा उठ्ने प्रश्नले सँधै नाजवाफ बनाउँदथ्यो । उनलाई सधैं नेवाः भाषा, संस्कृति र संस्कारका बारेमा अध्ययन गर्ने उत्सुकता जाग्थ्यो तर कहाँ गएर सिक्ने ? उनी सँधै अन्योलमा पर्थे । उनी जस्तै भारतकै अरुणाञ्चलका तिलकबहादुर प्रधानलाई पनि त्यस्तै हुन्थ्यो । 'नेवार जातिको भाषा, कला संस्कृति र संस्कार विश्वकै उत्कृष्ट मध्ये पर्छ, तर के गर्नु', उनी भन्छन, 'आफू नेवार भएर पनि न त भाषा आउँछ, न त नेवारी संस्कृति र संस्कारको ज्ञान नै छ ।' गणेशबहादुर र तिलकबहादुर जस्ता भारतमा रहेका नेवारहरूमा भाषा, कला, संस्कृति, संस्कार र वाद्यवादनको बारेमा उत्पन्न हुने चासोलाई समाधान गर्ने व्यवस्था मिलाएका छन्, दवुली नेपाल र मध्यपुर थिमिस्थित संस्कृति संरक्षणका लागि युवा नेपाल नामक दुई संस्थाले। उनीहरू अहिले भारतमा रहेका नेवारहरूलाई नेवाः संस्कृतिको प्रशिक्षण दिइरहेका छन्। यतिखेर मध्यपुर थिमिस्थित विनायक शिक्षा निकेतन स्कुलमा गणेशबहादुर र तिलकबहादुरलगायत भारतका विभिन्न राज्यका ९ महिलासहित २२ जना नेवाः संस्कृतिको प्रशिक्षक प्रशिक्षण लिइरहेका छन। गत भदौ १ गतेदेखि शुरु भएको सो प्रशिक्षण कार्यक्रममा भारतको सिक्किमबाट खगेन्द्र प्रधान, टिकामाया प्रधान, वन्दना प्रधान र विकास प्रधान, पश्चिम बंगालको डुर्वसबाट गणेशबहादुर प्रधानसहित, अम्बर प्रधान, सुजन प्रधान र सीमा प्रधान, कालिङपोङका स्वरूप प्रधानले नेवाः संस्कृतिको प्रशिक्षण लिइरहेका छन् । त्यसैगरी अरुणाचल प्रदेशका तिलकबहादुर प्रधानसहित, उमेश प्रधान, विनय प्रधान, दिपा श्रेष्ठ, दिलमाया प्रधान, मुस्कान प्रधान, आसामका हरिबहादुर नेवाः, किशोर प्रधान, गिरिजा प्रधान, करिश्मा प्रधान, मैना प्रधान, कृष्ण प्रधान र खेमराज नेवाः पनि दैनिक १४ घण्टा नेवाः संस्कृति सिक्छन् ।

बिहान ७ बजेदेखि ९ बजेसम्म नेवारी भाषा प्रशिक्षण, ९ देखि ११ लिपि एवं व्याकरण, १२ देखि २ सम्म बौद्ध धर्म एवं संस्कार, २ देखि ४ सम्म वैदिक हिन्दु संस्कार, ४ देखि ६ सम्म नृत्य र साँझ ६ बजे देखि ९ बजेसम्म वाद्यवादनको प्रशिक्षण दिइरहेको गणेशरामलाछीले बताए । नेवाः संस्कार र संस्कति अन्तर्गत ज्योतिष, आयुर्वेद, जन्मदेखि मृत्युसम्मको संस्कार, महाकाली, ज्यापु ज्यापुनी, घिन्ताङघिसी नाच लगायत धिमेबाजाको पनि प्रशिक्षण भइरहेको प्रशिक्षक स्वयम्भू बज्राचार्यले जानकारी दिए ।

कार्यक्रममा बज्राचार्यसहित बालमुकुन्द प्रजापति, विष्णुबहादुर प्रजापति, हरिशरण राजोपाध्याय, सरोज कसाः, जुजुमान महर्जन लगायतका प्रशिक्षकले प्रशिक्षण दिइरहेका छन् । प्रशिक्षणमा सहभागीहरुले एक महिने उक्त प्रशिक्षण पछि आ-आफ्नो क्षेत्रमा गएर नेवार समुदायका अन्य व्यक्तिलाई प्रशिक्षण दिने बताइएको छ । संस्कृति संरक्षणका लागि युवा नेपालले यसअघि पनि नेपालका विभिन्न २० जिल्लाका २० जना नेवार युवायुवतीलाई भाषा, कला, संस्कृति, लिपि, व्याकरण एवं

बाँकी अन्तिम पृष्ठमा

स्तरीय स्वदेशी तथा बिदेशी कपडाका साथै भरपर्दो सिलाईको लागि
श्याम श्रेष्ठ
९८४१२८०४०३
हिसी टेलर्स
Hisee Tailors
लेडिज एण्ड जेन्ट्स
सर्टिङ
मध्यपुर थिमि–१३, शंखधरचोक
अफिस, स्कूल र कलेजको ड्रेस सिलाउनुका साथै टाई पिन पनि पाईन्छ ।

स्तरीय स्वदेशी तथा विदेशी सटिङ्ग सुटिङ्गको लागि सदा सम्झनुहोस् ।
एम. एम. इम्पेक्स
M. M. IMPEX
जेन्स् एण्ड लेडिज सर्टिङ्ग सुटिङ्ग सेन्टर
मध्यपुर थिमि–३, सुन्दरनगर, चारदोबाटो
(बालकोट जाने बाटोमा)
मोबाइल नं. : ९८१३००२५३८, ९८६११०१०७५
हामी माघ १ बाट यहाँ सर्‍यौं ।
यहाँ राष्ट्रिय पोसाक दौरा सुरुवाल, तथा स्कूल कलेज, अफिसको ड्रेसका साथै सबै प्रकारका सर्टिङ्ग सुटिङ्गको कार्य गरिन्छ ।

रेमिटेन्स सेवा
IME, Western Union Money Transfer, City Express, Nepal Remit, MoneyGram, himal remit, IME, Yes Remit, Mega Remit, pay remit, SEWA
Regd: 152520/073/074, PAN: 604291897
देशविदेशबाट पठाएको पैसा पाउन र देशभर पैसा पठाउनको लागि
SBK International Pvt. ltd.
Shankhadhar Chowk, Madhyapur Thimi-4, Bhaktapur, Nepal
Contact: 01-6630730, 9851037162, 9841853025, 9841239691
यचु पार्टी भेन्यू

शुभ श्री बैंक्वेट
(पार्टी प्यालेस)
सुविधा सम्पन्न रमणिय पारिवारिक वातावरणमा विवाह, ब्रतवन्ध, तथा अन्य शुभकार्य लगायत सेमिनार एवं आउटडोर इनडोर क्याटरिङ्गका साथै कुक वेटरहरु चाहिएमा हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ६६३८७३४, ९८४१४७७८५२, ९८४१८६५५९४
सिद्धिकालीचोक, मध्यपुर थिमि–४ भक्तपुर

ऐतिहासिक नगरी मध्यपुर थिमिमा सबैभन्दा ठूलो व्यापारिक स्थल
मध्यपुर मार्ट
M1 MART
हाम्रा विशेषताहरू
- २४ सै घण्टा सुरक्षागार्डको व्यवस्था ।
- पूर्णरूपमा सि.सि क्यामरा जडित मार्ट ।
- पर्याप्त पार्किङ्गको व्यवस्था ।
- पर्याप्त सरसफाईको व्यवस्था ।
- व्यापारिक स्थलभित्र खुल्ला तथा फराकिलो बाटो ।
Email: madhyapurmart@gmail.com

गाईजात्रामा सरकारमाथि व्यङ्ग्य

गाईजात्राका अवसरमा भक्तपुर दरबार क्षेत्रमा देखिएको भीड र सरकारकालाई व्यङ्ग्य गर्दै निकालिएको गाइजात्रा । तस्विर: ईश्वरकाजी खाइजु

भक्तपुर । भक्तपुरमा सोमबार ओली सरकारको गाईजात्रा निकालिएको छ । नेपालभाषी समुदायमा दिवंगत व्यक्तिको सम्झनामा मात्रै गाईजात्रा निकालिन्छ तर सोमबार भक्तपुरमा ओली सरकार मरेको प्रतिक स्वरुप गाईजात्रा निकालिएको हो ।

ओली सरकारको गाईको प्रतिक स्वरुप जात्रालुले कुर्सी बोकेका थिए । कुर्सीमा गोली एण्ड गफ सरकार लेखिएको थियो । कुर्सीको दायाँबायाँ ओली सरकारका काल्पनिक योजना, गफाडी सरकार लगायत लेखिएको थियो । त्यस्तै उक्त कुर्सीलाई भ्रष्टाचारी, बलात्कारी, ठेकेदार, गुण्डा, डन, पानीजहाज लेखिएको छाता ओढाइएको थियो । त्यस्तै घिन्ताङघिसी नाच नाच्ने जात्रालुले ओलीको पानी जहाज, नेपाली कर्मचारीको परिचय लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिलाई व्यंग्य गरिएका कार्टुन बोकेका थिए । उक्त ओली सरकारको गाईजात्रा नेपाल मजदुर किसान पार्टीले निकालेको हो । गाईजात्राको नेतृत्व प्रदेश नम्बर ३ का सांसद सुरेन्द्रराज गोसाईंले गरेका थिए । उनी नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्यसमेत हुन् । त्यस्तै नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले वाद्यवादक भएर घिन्ताङघिसी नाच नचाइरहेका थिए । सर्वसाधारणको जात्रापछि उक्त जात्रा निकालिएको हो । नेमकिपा समर्थित युवाविद्यार्थीले प्रत्येक वर्षको गाईजात्रामा यस्तै घोचपेचसहितको गाईजात्रा निकाल्दै आएका छन् ।

पछिल्लो समय भक्तपुरको गाईजात्रा समावेशी हुन थालेको छ । नेपालभाषीहरूले मात्रै मनाउने गाईजात्रामा गैर नेपालभाषी नेपालीसँगै विदेशी समेत सहभागी हुन थालेका हुन् । भक्तपुरको गाईजात्रामा नाचिने घिन्ताङघिसी नाचमा नेपालभाषीभन्दा अहिले गैर नेपाल भाषीको सहभागिता बढ्न थालेको छ । घिन्ताङघिसी नाचसँगै गाईजात्रा हेर्ने जात्रालुमा समेत गैर नेपाल भाषीको बाहुल्यता बढ्न थालेको छ । जसले गर्दा भक्तपुरको गाईजात्रा तथा घिन्ताङघिसी नाच घुम्ने बाटोहरू साँघुरा हुन पुगेका छन् । झन् कति ठाउँमा भूकम्पले चर्काएका घर तथा मन्दिरमा टेको लगाइएका कारण बाटो झन् झन् साँघुरो हुन पुगेका हुन् ।

सोमबार भैरव तथा भद्रकालीको गाईजात्रा निकालिएसँगै भक्तपुरमा नौदिनसम्म मनाइने गाईजात्राको पहिलो दिन सकिएको छ । वर्षभरिमा दिवंगतको सम्मान तथा सम्झनामा गाईको प्रतिक बनाइ नगर परिक्रमासँगै घिन्ताङघिसी नाच नचाएर पहिलो दिनको जात्रा सकिएको हो ।

भदौ प्रतिपदाको दिन मृतकको आत्मालाई गाईको प्रदर्शनले यमलोकमा प्रवेश हुने जनविश्वासअनुसार नेपालभाषीहरू प्रत्येक वर्ष यस दिन गाईजात्रा मनाउँछन्। गाईजात्रालाई स्थानीय भाषामा सापारु पनि भनिन्छ। पहिलो दिन सांस्कृतिक र संस्कारगत सापारु सकिएपछि दोस्रो दिन खाली हुन्छ । तेस्रो दिनदेखि भने हास्यव्यंग्य, घोचपेच हुने नाच तथा प्रहसनसँगै यहाँको परम्परागत एवं मौलिक नाचगान प्रदर्शन गरिन्छ ।

अतिथि सत्कार र सवारीसाधनमै १४ अर्ब स्वाहा !

काठमाडौं । सरकारको प्राथमिकतामा बिकास निर्माण भन्दा पनि विलासितामा खर्च गरिँदै आएको विप्रेषणको ठूलो हिस्सालाई कसरी घटाउन सकिन्छ भनेर छलफल भइरहेको बेला सरकारी ढुकुटीबाटै ठूलो र कम विलासिताकै सामान खरिदमा खर्च भएको तथ्य खुलासा भएको छ ।

महालेखा परीक्षकको कार्यालयले प्रतिनिधिसभा सार्वजनिक लेखासमितिमा प्रस्तुत गरेको प्रतिवेदनमा आर्थिक वर्ष २०७३/७४ मा राज्यको ढुकुटीबाट सवारीसाधनतर्फ रु ६ अर्ब ७१ करोड खर्च भएको उल्लेख छ ।

विप्रेषणबाट प्राप्त हुने रकमको ठूलो अंश मोबाइल, टेलिभिजन, कपडालगायत विलासिता तथा दैनिक उपभोग्य वस्तुमा खर्च हुँदै आएकाले त्यसलाई कसरी उत्पादनतर्फ जोड्ने भन्नेबारे सरकार र अर्थतन्त्रका जानकार बीच छलफल हुँदै आएको छ। वैदेशिक रोजगारमा रहेका नेपालीबाट आर्थिक वर्ष २०७४/७५ मा सात खर्ब ५५ अर्ब ६ करोड विप्रेषण प्राप्त भएको थियो । महालेखा परीक्षक टङ्कमणि शर्माले अघिल्लो आर्थिक वर्षमा सवारी साधनतर्फ तीन अर्ब बजेट विनियोजन भएकामा २१९ प्रतिशतले थप गरी ६ अर्ब ७१ करोड खर्च भएको तथ्याङ्क प्रस्तुत गरे ।

महालेखा परीक्षकको प्रतिवेदनमा विनियोजन सिद्धान्त विपरीत राज्यका ढुकुटीबाट रकम खर्च गर्ने प्रवृत्ति बढेको तथा अनुगमन प्रणाली कमजोर भएकै कारण असार महिनामा मात्र पूँजीगत खर्चको ४२.३३ प्रतिशत रकम खर्च गरेको भनी बिल भौचर बनाइने गरेको उल्लेख छ ।

त्यसैगरी मनोरञ्जन, चियापान, अतिथि सत्कार र कार्यालय सुरक्षाको नाममा आव २०७३/७४ मा ६ अर्ब ९४ करोड खर्च भएको विवरण महालेखाले उपलब्ध गराएको छ। उक्त आर्थिक वर्षमा विविध खर्चतर्फ एक करोड १६ करोड विनियोजन भएकोमा ५९६ प्रतिशत रकम थप गरिएको थियो । नेपालीले वार्षिक आयको ९२ प्रतिशत रकम विलासिता र दैनिक उपभोग्य सामान खरिदमा खर्च गर्ने गरेको तथ्याङ्क पनि बैठकमा प्रस्तुत गरिएको थियो । पूर्वाधार निर्माणमा समयमा ठेक्का नहुने गरेको तथा ३० अर्बको ठेक्का तेस्रो चौमासिकमा भएको विवरण पनि प्रस्तुत गरिएको थियो । रासस

भाद्र १७ बाट भक्तपुर मालपोतमा लेखापढीलाई प्रवेशमा रोक

भक्तपुर । मालपोत कार्यालय भक्तपुर भित्र छिरेर काम कारवाही गरी सहयोग गर्ने लेखापढीहरु अब यही भाद्र १७ गते आइतवारदेखि बाहिरै बसेर काम गर्नुपर्ने भएको छ । भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरले लेखापढीहरुलाई कार्यालयको प्रवेश विन्दु दर्ताचलानीसम्म मात्र छिर्न दिने भाद्र १५ गते शुक्रवार निर्णयानुसार सूचना जारी गरेको हो ।



विषय :- सूचना

भूमि व्यवस्थापन तथा अभिलेख विभागको प.सं.का.प्र.१०-०७५/७६ विविध -२०३ च.नं. २९९ मिति २०५ भाद्र ३ को पत्रबाट भूमिसुधार तथा मालपोत कार्यालयलाई भएका निर्देशन सम्बन्धमा कार्यालय र नेपाल लेखापढी कानून व्यवसायी एशोसियशन जिल्ला कार्यसमिति भक्तपुरका पदाधिकारी समेतको भाद्र १४ गतेको संयुक्त वैठकबाट यस्तो निर्णय भएको हो ।

निर्णयअनुसार लेखापढीलाई प्रवेश विन्दुसम्म मात्र प्रवेशको अनुमति दिने र असक्त र असक्षम सेवाग्राही भए भूइतल्लामा झ्याल सम्म र माथिल्ला तल्लाहरुमा फाँटको प्रवेशद्वारसम्म मात्र पुऱ्याइदिने सूचनामा बताइएको छ ।

यस सूचनाले लेखापढीहरुको रोजीरोटी खोसिएको, लेखापढी गरिखाने अधिकारबाट वञ्चित गरेकोप्रति लेखापढीहरु आक्रोशित देखिन्छन्। साथै, लेखापढीहरुको भविष्य अब के हुने भन्ने विषयमा व्यापक छलफल भइरहेका र सरकारबाटै यसको निराकरण गर्नुपर्ने लेखापढी गर्नेहरु बताउँछन् ।

भक्तपुरको ३०० वर्ष पुरानो पोखरी ब्यूँतीयो

भक्तपुर । काठमाडौंको रानीपोखरी देख्दादेख्दै सुक्यो । जानाजानी सुकाइयो । पुनर्निर्माणको नाममा पोखरी स्विमिङ पुलजस्तै बनाउन खोजियो । विवाद अझै सकिएको छैन । भत्केको साढे दुई वर्ष भइसक्यो, रानीपोखरी बन्ने छाँट छैन । निर्माण जिम्मा पाएका काठमाडौं महानगरपालिका र पुरातत्व विभाग दुवैसँग यसको जवाफ छैन ।

यही रानीपोखरीबाट प्रभावित भएर भक्तपुरले तीन सय वर्षअघि 'भाजु पोखरी' बनाएको थियो । यो पोखरी तीन दशकअघि सुक्यो । भक्तपुर नगरपालिकाले यसलाई ब्यूँताउँदैछ । क्रंक्रिट हालेर होइन, परम्परागत शैलीमै । सिद्धपोखरीबाट करिब १५ मिटर दक्षिणतर्फ छ भाजु पोखरी । यो करिब तीन सय वर्षअघि भागीराम प्रधानाङ्ग अर्थात् 'भाजुकस' ले निर्माण गरेको संस्कृतिविद् ओम धौभडेल बताउँछन् ।

उनका अनुसार भाजुकस राजा जितामित्र मल्लका प्रमुख व्यक्तिमध्ये एक थिए । उनैले आफ्नो कीर्ति राख्न पोखरी बनाएका हुन् । सुरुआतमा पोखरीको नाम 'भाजुया पुखु' थियो । अपभ्रंस हुँदै भाज्या पुखु र भाजु पोखरी भएको हो ।

'त्यो बेला काठमाडौं उपत्यकामा सम्पदा बनाउने प्रतिस्पर्धा हुन्थ्यो । राजा प्रताप मल्लले बनाएको रानीपोखरीबाट प्रभावित भई भाजुकसले त्यस्तै शैलीमा भाज्यापुखु बनाउन लगाएको देखिन्छ,' धौभडेलले भने, 'मध्यभागसम्म जान मिल्ने शैलीका पोखरी उपत्यकाका तीनै सहरमा छन् । काठमाडौंको रानीपोखरी, ललितपुरको पिम्बहाल र भक्तपुरको भाज्यापुखु ।' भाजु पोखरी ३० रोपनीमा फैलिएको छ । यो सिद्धपोखरीजस्तो 'सिरान पोखरी' होइन । सहरको बाहिरी भागमा हुने पोखरीलाई सिरान पोखरी भनिन्छ । यसले जमिनको पानी रिचार्ज गर्छ। ढुंगेधारा र इनार रसाउँछन् ।

सिरान पोखरीभन्दा तल बस्तीभित्र स-साना पोखरी हामी देख्छौं । यी पोखरी सामुदायिक काममा बढी प्रयोग हुन्छन् । बर्खाको पानीमा निर्भर हुने यस्ता पोखरीले बस्तीमा पानी जम्न दिँदैनन् । भिरालो भागमा भएको भाजु पोखरी त्यस्तै थियो ।

पानी नअडिने र बर्खामा निर्भर हुँदा पोखरी करिब तीस वर्षअघि सुक्यो । त्यो बेला सिद्धपोखरीको हालत उस्तै थियो । दुवै पोखरीलाई घाँसले ढाक्दै गयो। फोहोर फाल्ने 'डम्पिङसाइट' बन्दै गए ।

२०४८ सालतिर सिद्धपोखरी जिर्णोद्धारको पहल भयो । वर्षदिन लगाएर स्थानीयले आफ्नै बलबुतामा पोखरी ब्यूँताए । त्यही बेला भाजु पोखरी पनि ब्यूँताउन खोजिएको थियो । सफल हुन सकेन ।

'त्यो बेला बनाउन खोज्दा पोखरी बीचमा पुलजस्तो देखियो । पुरातत्व विभागले अनुसन्धान गर्नुपर्छ, त्यसै बनाउन मिल्दैन भन्यो । अनि काम पूरा भएन,' सिद्धपोखरी निर्माण उपभोक्ता समितिका अध्यक्ष रहेका कृष्णबहादुर डुकुजुले भने ।

सिद्धपोखरी जिर्णोद्धार गरेको यही समितिको सहयोगमा भाजु पोखरी ब्यूँतिदैछ । डुकुजुका अनुसार त्यो बेला विश्व बैंकले सभ्यता अध्ययन क्रममा सिद्धपोखरी अध्ययन गरेको थियो । त्यसमा ३ लाख रुपैयाँ छुट्इयाएको थियो । अध्ययन अनुसन्धानबाट २० हजार बच्यो । उपभोक्ता समितिले यही पैसा लिएर पोखरी वरिपरि इँट्टा छाप्यो । पाटी जिर्णोद्धार गर्यो । घाँसे मैदान सफा गर्न थप ३० हजार नगरपालिकाले दियो ।

अहिले बेलाबेला पोखरी मर्मतसम्भार हुन्छ । उनीहरुको राम्रो कामले भाजु पोखरी जिर्णोद्धार समितिले नै पाएको डुकुजु बताउँछन् । भाजु पोखरी जिर्णोद्धार गत तिहार पछि सुरु भएको हो । त्यसअघि पोखरी भुकम्पे पीडितको आश्रयस्थल थियो । नगरपालिकाले अन्य सम्पदासँगै पोखरी ब्यूँताउने निर्णय गर्यो । करिब ९ महिनापछि यसले पोखरीको स्वरुप पाएको छ ।

जिर्णोद्धारमा परम्परागत शैली अपनाइएको छ । पिँध र डिलमा कालो माटो भरिएको छ । कालो माटो भर्दा पानी आवागमन हुन पाउँछ । पोखरीको पानी चुहिन दिँदैन। आवश्यकता अनुसार पानी रसाएर जाने बाटो पनि दिन्छ । पानी नअडिने यो पोखरीमा कालो माटो हालेसँगै बर्खाको पानी भरिभराउ देखिन्छ ।

यहाँ तःपुखु (सिद्धपोखरी), नःपुखु, भाज्या पुखु र रानीपोखरी गरी चार पोखरी छन् । यीमध्ये नःपुखु सुकेको छैन । रानीपोखरी भने सेनाले कब्जा लिएको ५४५ रोपनी जग्गाभित्र छ । यो रानीपोखरी ४ सय वर्षअघि जगज्योतिर्य मल्लले बनाएका हुन् । यी पोखरी संरक्षणबारे पनि छलफल भइरहेको मेयर प्रजापतिले जानकारी दिए । दुई साताअघि नगरपालिकाले भाजु पोखरीबीचको मन्दिरबारे अध्ययन गर्ने कार्यदल गठन गरेको थियो । इतिहासका प्राध्यापक पुरुषोत्तम लोचन श्रेष्ठको संयोजकत्वमा बनेको कार्यदलले एक महिनामा प्रतिवेदन बुझाउनुपर्छ ।

संयोजक श्रेष्ठका अनुसार पोखरी बीचमा थुम्कोजस्तो छ । त्यही थुम्कोमा मन्दिर भएको पुष्टि भएको छ । त्यहाँ टेराकोटा मूर्ति, कलश, तोरणहरू फेला परेका थिए । यो पनि काठमाडौंको रानीपोखरी बीचको बालगोपालेश्वर मन्दिरबाटै अभिप्रेरित भएको श्रेष्ठ बताउँछन् ।

'मन्दिर ग्रन्थकुट अर्थात शिखर शैलीको भएको पुष्टि भएको छ,' श्रेष्ठले भने, 'नक्सा बनाएका छौं । केही दिनमा सार्वजनिक गरेर बनाउने तयारी हुन्छ ।' यहाँ फेला परेको मूर्ति भने लक्ष्मी नारायणको भएको श्रेष्ठले बताए ।

भाजु पोखरी तीन तहमा बनेको छ। लम्बाइ १३५ मिटर र चौडाइ ११५ मिटर । बीचको तहमा पोखरी घुम्ने ठाउँ छ । दक्षिण दिशामा इँट्टाको जग भेटिएको थियो जसमा पक्की पुल भएको प्रष्टिन्छ । विज्ञहरुका अनुसार नजिकैको भक्तपुर क्याम्पसको ढोका भएर पोखरी मार्ग गएको देखिन्छ । त्यही दिशामा मन्दिर पुग्ने नयाँ पुल बन्नेछ । पोखरी सफा गर्ने पहिलो चरणको काम सकिएको छ । अब पोखरीको मन्दिर, पेटी र पाटी बनाउने योजना रहेको मेयर प्रजापतिले बताए । 'वरिपरि ढुंगा वा इँट्टा छाप्ने, रुख विरुवा रोप्ने योजना छ। यसरी पोखरीलाई आकर्षण बनाएर आन्तरिक र बाह्य पर्यटन विस्तार गर्न सकिन्छ,' उनले भने, 'पुनर्निर्माण गर्दा पुराना कुरा नमासिऊन् भनेर होसियार छौं । कस्तो संरचना बनाउँदा उपयुक्त होला भनेर अध्ययन चलिरहेको छ ।'

उनका अनुसार भाजु पोखरी निर्माणमा स्थानीयले श्रमदान गरेका छन् । कामदार पनि धेरैजसो महिला छन् । भक्तपुरका कुनै पनि संरचना निर्माण मेयर प्रजापतिले ठेक्कामा दिएका छैनन् । विदेशी सहयोग पनि छैन । सिद्धपोखरी पनि स्थानीयकै पहलमा जिर्णोद्धार भएको थियो ।

भक्तपुर नगपालिकाले धमाधम आफ्ना पोखरी ब्यूँताउँदै गर्दा काठमाडौंले भने एउटा रानीपोखरी पनि बनाउन सकेको छैन ।

ललितपुरका पनि धेरै पोखरीको नामनिशान छैन । १४ रोपनीको सप्तपाताल मासिएको छ । बोझे पोखरी सुकाएर पानी ट्याकी बनाइएको छ । कुमारीपाटी जाने बाटोमा रहेको पूर्णचण्डी पोखरी सुकेर चौरमा परिणत भएको वर्षदिन भयो ।

३०० मा बिहे गरेका गरेको अफवाह फैलाउँदै सञ्जेल

काठमाडौं । बिहेमा जम्माजम्मी ३०० रुपैयाँ खर्च गरेको भन्दै शिक्षा अभियन्ता उत्तम सञ्जेल सोमबार एकाएक सामाजिक सञ्जालमा भाइरल बने । ४१ वर्षको उमेर वैवाहिक बन्धनमा बाँधिएका सञ्जेललाई उदाहरणीय काम गरेको भन्दै धेरैले बधाइ दिए । पशुपति क्षेत्रको गुहेश्वरीमा विवाह समारोहमा व्यवसायी उपेन्द्र महतो, कलाकारद्धय मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्यका साथै वरिष्ठ पत्रकारहरु उपस्थित थिए ।

दुलाहा सञ्जेल टिसर्ट, पाइन्ट र चप्पलमा थिए भने दुलही कला अधिकारीले पनि कुर्था सुरुवाल लगाएकी थिइन् । सञ्जेलले २०० सय रुपैयाँको माला, ७५ रुपैयाँको पोते र २५ रुपैयाँको सिन्दुर किनेको भन्दै ३०० रुपैयाँमा बिहे गरेको सबैलाई बताए ।

यो खबर एकाएक भाइरल भयो । शिक्षा क्षेत्रमा उदाहरणीय काम गरेका सञ्जेलले अर्को अनुकरणीय काम गरेको भन्दै समाचार बने, धेरैले बधाइ दिए । तर, साँझपख बिहेको एउटा तस्वीर सार्वजनिक भयो । जसमा सञ्जेल र कला जग्गेमा बसेका छन् । दुलाहा, दुहलीले अर्को माला लगाएका छन, होम हालिएको छ । छेउमा लिंगो ठड्याइएको छ । पुरोहित पनि छन् ।

सञ्जेलको बिहे भइरहेको यो तस्वीर सुरुमा त धेरैलाई विश्वसनीय नै लागेन । सञ्जेललाई बदनाम गराउन फोटोसप गरिएको त होइन भनेर धेरैले आशंका गरे ।

तर, सञ्जेलले स्वीकार गरेका छन, यो फोटोसप गरिएको होइन, साँचो तस्वीर हो ।

खासमा जब ३०० रुपैयाँमा बिहे गरेका सञ्जेल दुलाहा-दुलहीलाई बधाई दिएर जब पाहुनाहरु हिडेँ, त्यसपछि गुहेश्वरीमा नै जग्गे हालेर पूजापाठ गरिएको रहेछ । सुरुमा तस्वीर सही होइन होला भन्दै अस्वीकार गरेका सञ्जेलले पूजापाठ, शान्ति स्वस्ति त आफ्नो, पर्सनल कार्य भएको भन्दै पन्छिएका छन् ।' प्रगतिशील संस्कार देखाएको भनेर दिनभर प्रशंसा पाएका सञ्जेलले साँझमा आफ्नो संस्कृतिलाई पनि मिचिहाल्न नसकिने बताए ।

पद्मरत्न तुलाधरको सूर्य चिन्ह यसरी लिएको थियो एमालेले

काठमाडौँ- तत्कालीन नेकपा माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन सहजकर्ताको भूमिका निर्वाह गरेका पद्मरत्न तुलाधरलाई सम्मान गर्न एकमहिने कार्यक्रमनै चलेको छ । मानवअधिकार, नेपाल भाषा, पत्रकारिता, साहित्य तथा नाटक क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेका तुलाधरको ज्याःजंक्व (भीमरथारोहण)को एकमहिने कार्यक्रम अन्तर्गत यही भदौ ३० गते उनलाई नागरिक अभिनन्दन गरिँदैछ । यही भदौ १६ गते वामपन्थी नेता तुलाधरलाई नेवारी परम्परा अनुसार ७७ वर्ष सात महिना सात दिन ७ घडी तथा ७ पलाको साइतमा भीमरथारोहण पनि गरिसकिएको छ ।

तुलाधर नागरिक अभिनन्दन समारोह समितिले भदौ १ गते देखि भदौ ३० गतेसम्म १२ कार्यक्रम गरी उनको सम्मान गरेको छ । अभिनन्दन समारोह समितिका अध्यक्ष शान्तदास मानन्धरले नेवार समुदायमा भीमरथारोहण अति महत्वपूर्ण रहेको र यस दिन मानिस भई जन्म लिएपछि एउटा अध्याय पूरा भएको मानिने बताए ।

नेवार समुदायमा शिशु र वृद्धावस्था गरी दुई पटक जंक्व गर्ने चलन छ । नेपाल भाषामा वृद्धावस्थामा गरिने जंक्वलाई बूढोजंक्व र बूढीजंक्व भनिन्छ । बूढोजंक्व गर्दा रथमा बूढाबूढीलाई राखेर आफ्नो टोल छिमेक तथा शहर परिक्रमा गर्ने प्रचलन छ । यस्तो भीमरथारोहण नेवार समुदायमा वृद्धवृद्धालाई तीन पटकसम्म गर्ने प्रचलन छ ।

अध्यक्ष मानन्धरले वामपन्थी नेता तुलाधरको राजनीतिक योगदान निक्कै महत्वपूर्ण रहेको उल्लेख गरे । उनले भने, 'काँग्रेस र कम्युनिष्ट दुबै शक्ति एक ठाउँमा आएपछि मात्र बहुदलीय व्यवस्था पुनःस्थापना गर्न सकिने मान्यता राख्ने तुलाधरले सर्वोच्च कमाण्डर गणेशमान सिंह र त्यसबेलाको वाममोर्चालाई एक ठाउँमा ल्याएका थिए, पछि २०४६ प्रजातन्त्र ल्याउन नेपाली जनता सफल भए ।'

नेपाल भाषा मंका खलःमा नेतृत्वमा रहेका तुलाधरसँग 'नेपाल भाषा' पत्रिकाका सम्पादक भई लामो समयसम्म पत्रकारिता गरेको अनुभव छ । त्यस्तै नेपाल संवतलाई राष्ट्रिय संवत् तथा शङ्खधर साख्वालाई राष्ट्रिय विभूति घोषणाको मान्यता दिलाउन पनि उनले सङ्घर्ष गरे ।

उनका नेपाल भाषामा थुप्रै नाटक (ख्यालः), निबन्ध आदि गरी १६ पुस्तक प्रकाशित छन् । नेपालमा बहुदलीय व्यवस्थाको पुनःस्थापना गर्ने अभियानमा आफ्नो जीवनको लामो समय खर्चिएका तुलाधर वि.सं २०४२ मा नेकपा (माले)को समर्थनमा राष्ट्रिय पञ्चायत सदस्यमा उठाइएपछि चर्चाको शिखरमा पुगेका छन् । नेकपा एमालेको समर्थनमा वि.सं २०४८ र विस २०५२ मा काठमाडौँबाट प्रतिनिधिसभाको सदस्यमा निर्वाचित तुलाधर सन् वि.सं २०५३ मा श्रम तथा स्वास्थ्यमन्त्री भएका थिए ।

राष्ट्रिय पञ्चायतको सदस्यका लागि त्यसबेला जनपक्षीय उम्मेदवार हुँदा सूर्य चिह्न लिएका तुलाधरकै सूर्य चिह्न तत्कालीन नेकपा (एमाले) र हाल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले लिएको छ ।

मानन्धरको अध्यक्षतामा ११८ सदस्यीय अभिनन्दन समारोह समिति गठन गरिएको छ, जसमा जनकवि दुर्गालाल श्रेष्ठ, अधिकारकर्मी मल्ल के सुन्दर, गणेश सायमी, नरेशवीर शाक्य आदि रहेको निर्देशक समिति पनि छ । रासस

५ दशक लामो एकाधिकार तोडियो

सिन्धुपाल्चोक । सरकारले यातयात क्षेत्रको सिण्डीकेट अन्त्य गरेसँगै राजधानी पूर्वका पाँच जिल्लामा विगत ४६ वर्षदेखि यातयात सञ्चालन गरिरहेको अरनिको यातयात सेवा समिति औपचारिक रुपमै कम्पनीमा दर्ता भएको छ ।

काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप लगायतका जिल्लामा सेवा समितिको नाममा यातयात सञ्चालन गर्दै आएको अरनिको यातायात सेवा समितिले कम्पनी रजिष्टारको कार्यालयमा अरनिको भिमेश्वर यातयात प्रालि दर्ता गरेको हो ।

२०२९ भदौ १५ देखि सेवा समितिको नाममा यातायात सञ्चालन गर्दै आएको अरनिको देशकै ठूला पाँच यातयात समितिमध्ये पर्छ । हरेक वर्ष भदौ १५ मा वार्षिक साधरण सभा गर्दै आएको अरनिको यातयात सेवा समितिले कम्पनीमा दर्ता भएपछि यस वर्ष अरनिको भिमेश्वर कम्पनीको नाममा व्यावासायी भेला मात्रै गरेको छ ।

अरनिकोले शुरुमा कम्पनीमा दर्ता हुन आनाकानी गरेको थियो । तर सरकारले दशैंमा अग्रिम टिकट बुकिङको जिम्मा कम्पनीमा गएका यातयात कम्पनीहरुलाई मात्रै दिने निर्णय गरेपछि उसले बाध्य भएर कम्पनीमा दर्ता गरेको व्यावसायी बताउँछन् ।

तर नयाँ कम्पनीका प्रबन्धक श्याम लामा भने सरकारको निर्णयको सम्मान गर्दै आफूहरु कम्पनीमा गएको बताउँछन् । समितिले अरनिको प्रालिको नाममा कम्पनी दर्ता गर्न खोजे पनि काभ्रे चौरीक्षेत्रका एक व्यावसायीले अरनिको नाममा कम्पनी दर्ता गरेपछि अरनिकोले भिमेश्वर पनि थपेर कम्पनीमा दर्ता गरेको हो ।

अरनिको यातायात सेवा समितिका पूर्वअध्यक्ष एवं नेपाल राष्ट्रिय यातायात व्यावसायी महासंघका केन्द्रीय अध्यक्षसमेत रहेका जितबहादुर भारती कम्पनीको अध्यक्ष बनेका छन् । यसअघिको समितिमा अध्यक्ष रहेका श्यामबहादुर लामा प्रबन्धक भएका छन् ।

अरनिको समितिमा आवद्ध ५सय ५० यातयात व्यावासयीहरुबाट प्रतिबस १० हजारका दरले शेयर संकलन गरेको व्यावासायीहरुले जानकारी दिएका छन् । ५ सय ५० बसबाट शेयरबापत ५५ लाख रुपियाँ संकलन भएको थियो ।

यातयात समितिहरुको चल अचल सम्पत्ति सरकारले यसअघि नै सबै रोक्का गरेको छ । अरनिको यातायात सेवा समितिको नाममा भक्तपुरको लोकन्थलीमा भवन, बनेपामा जग्गा र भवन रहेको छ । यो सम्पत्ति के गर्ने भन्ने अझै टुंगो नलागेको व्यवसायीहरु बताउँछन् ।

बालकोट-सिरुटार सडकको दुराबस्था

सूर्यबिनायक - यसवर्षको वर्षा सकिन लागिसक्यो तर वर्षा अगावै सिध्याउनुपर्ने सडक निर्माणका काम भने ज्यूँका त्यूँ बाकी रहेको छ । जनप्रतिनिधिले कार्यभार बहन गरेको वर्ष दिन बितिसक्दा पनि जनताले त्यसको सहज अनुभूति गर्न पाएका छैनन् । वडाका जनप्रतिनिधि आफै ओहोर दोहोर गर्ने सडकको कन्तबिजोग हेरेरै बसेका छन् । वर्षा अगावै निर्माण गर्नुपर्ने सडक ठकेदारको ढिलाइले भदौको दोस्रो साता बितिसक्दा पनि सम्पन्न नभएकाले सूर्यविनायक नगरपालिका-२ बालकोट सडकखण्ड अचेल हिँडिसक्नु छैन ।

त्यो सडकले बालकोट पाटीधारादेखि महेन्द्रशान्ति अगाडि, माइक्रोबस पार्क र सिरुटारको सिमानाको पुलसम्म ठूलठूला खाल्डाले वडा नं २ का वडा अध्यक्षदेखि वडा सदस्यहरुलाई दैनिक गिज्याइँरहँदा पनि टुलुटुलु हेरेर बसेका छन् ।

दुईपाङ्रे सवारीसाधन पटक/पटक खाल्डोमा पर्छन, सडक जाम पनि उत्तिकै हुन्छ साथै पानी परेका बखत महेन्द्र शान्ति अगाडिदेखि माइक्रोबस पार्क र सिरुटार पुलसम्म खोला बगेजस्तै सडकमा पानीको ठूलो भेल बग्छ ।

स्थानीय राजकुलो मिच्ने र साविकको पानीको निकास थुनेर केही स्थानीयवासी र महेन्द्र शान्ति माविले पर्खाल लगाएकाले असारदेखि बगेको पानीको भेल बाटोबाटै बग्दा कालोपत्रे सडकमा भ्वाङ्ैभ्वाङ भएर दुर्घटना बढ्दा पनि सडक सुधारमा कसैको चासो छैन । ग्राबेल हाल्न पटक/पटक २ नं वडा कार्यालयलाई भन्दा नमानेपछि वडा नं १ सिरुटार० बालकोटमा ग्राबेल हालेको थियो तर सडकमा पानी बग्दा माटो भएको ग्राबेल सबै बगाएको स्थानीयवासीको भनाइ छ ।

डिभिजन सडक कार्यालयका प्रमुख गुरुप्रसाद अधिकारी त्यो सडक देखेर रुनै मन लागेको बताउँछन् । उनी भन्छन, 'सडकको कन्तबिजोग छ, यो सडक देखेर मेरो पनि आँखा रसायो, मन दुख्यो, यहाँका बासिन्दाले साह्रै सकस भोगेका रहेछन् ।' अब स्थानीयवासी सरकार र प्रदेश सरकारले यहाँका सडक हेर्नुपर्ने उनको भनाइ छ ।

स्थानीय समाजसेवी अनिल श्रेष्ठ भने ठेकेदारको लापर्बाहीका कारण यहाँका बासिन्दाले समस्या भोग्नु परेको बताउँछन् । ठेकेदारले असारको अन्तिममा आएर अपुरै छाड्दा सडकमा थप समस्या आएको उहाँको ठहर छ । बालकोट २ धारापाटीबाट ललितपुरको महालक्ष्मी नगरपालिकास्थित चाँगाथली जोड्ने सडकखण्डमा पनि खाल्डाखुल्डीले पानी जमेको छ । काठमाडौँ उपत्यका नगरविकास आयोजनाले असारको अन्तिममा सडक निर्माण गर्न लगाउदा भक्तपुर र ललितपुरका बासिन्दाले समेत सास्ती खेप्दै आएका छन् ।

सडक निर्माणका क्रममा सडक भन्दा दुई फिटमाथि पर्खाल लगाइएकाले पानीको निकास नहुँदा सडकमा जमेको पानीको निकास नभएको गुनासो गर्दै स्थानीयवासी गोमा भण्डारी बताउँछन, 'सडकको दुबैतिर सडकभन्दा माथिसम्म पर्खाल छ, पानीको निकास छैन, स्कूल बस दुर्घटनामा परिसक्यो, हिँड्नसमेत पाएनौ, लौन पत्रकारहरूले सहयोग गर्नुस् ।'स्थानीयवासी राजकुमार खनाल र सुजित गुरुङले सडकको बिजोग हुँदा पनि जनप्रतिनिधिले नहेरेको र बेवास्ता गरेको गुनासो गर्दै छिटो सडक निर्माणका लागि नेतृत्ववर्गले पहलगर्नुपर्नेमा जोड दिन्छन् । स्कूल जाने विद्यार्थीलाई हिँड्न, खानेपानी र खाद्यान्न लानसमेत नसकिएको उनको भनाइ छ ।

वडा नं. २ बालकोटका वडा सदस्य सुवास कार्कीले जनप्रतिनिधिलाई जानकारी नै नगराइ हचुवाको भरमा काम गर्दा सडक पोखरी बनेको बताए । उनी भन्छन, 'जनप्रतिनिधिलाई जानकारी नै नगराइ काम गरिएका छन् र सडक भन्दामाथि पर्खाल लगाइएका छन, पर्खाल नभत्काइ हुदैन र ठेकेदारलाई पनि दबाब दिनुको विकल्प छैन ।' प्रदेश सदस्य शशीजङ्ग थापाले उक्त सडकका लागि रु ५० लाख बजेट विनियोजन गरिएको र बजेट आएलगत्तै काम शुरु हुने उल्लेख गर्छन् ।

उक्त सडकमा सूर्यविनायक नगरपालिका र महालक्ष्मी नगरपालिकाले ग्राबेल हाले पनि वर्षा भएकाले सडकमा समस्या आएको उनको भनाइ छ । वडा सदस्य कान्छीमाया श्रेष्ठ वडाको विकासमा कहाँबाट कति बजेट आयो, के/के काम हुदैछ भन्ने जानकारी आफूहरूले नपाउने गरेको गुनासो गर्छिन् । रासस

अधिकांश पसल मापदण्ड विपरीत

भक्तपुर- भक्तपुर नगरपालिकाले पटक पटक अनुगमन गरेर सचेत गर्दा पनि यहाँका मासु पसल फोहर र अव्यवस्थित पाइएको छ । भक्तपुर नगरपालिकाले नौवटा मासु पसलमा गरेको अनुगमनका क्रममा मासु पसल फोहर, अव्यवस्थित र मापदण्ड विपरीत पाइएको हो ।

नगरपालिकाको बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा कमलविनायकमा नौवटा मासु पसलमा भएको अनुगमनमा कोल्ड स्टोर तथा मासु पसल मापदण्ड विपरित सञ्चालन भएको र अत्याधिक फोहर पाइएको हो । अनुगमनमा न्यू महालक्ष्मी कोल्ड स्टोर, सिद्धिगणेश मिट सप, रामकृष्ण शाहीको राँगाको मासु पसल, 'महिमा कोल्ड स्टोर, कमलविनायक माछापसल, सुभानी कोल्ड स्टोर, भक्तपुर कोल्ड स्टोर, कार्यविनायक मिट सप, लक्ष्मी शाहीको राँगोको मासु पसलको अनुगमनको क्रममा यस्तो भेटिएको हो । अनुगमनका क्रममा अधिकांश पसलमा बधस्थल फोहर रहेको, पसल दर्ता प्रमाणपत्र नभएको, सेतो एप्रोन प्रयोग नगरेको, मासु काट्ने काठ ढुँसी परेको, ढक तराजु नमिलेको पाइएको छ । अनुगमन टोलीले मासु सिसाभित्र राख्न, पसल दर्ता एवं नवीकरण गर्न, डिजिटल तराजु राख्न, पसल सफा राख्न, मूल्यसूची राख्न, भित्ता सफा गर्न मिल्ने गरी कार्पेट राख्न निर्देशन दिएको नगरपालिकाका सरसफाई उपशाखाका वरिष्ठ निर्देशक रामकृष्ण प्रजापतिले जानकारी दिए ।

त्यस्तै मासु भूइँमा राखेर बेच्ने गरेकाले त्यसो नगर्न, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न र डिजिटल तराजु प्रयोग गर्न निर्देशन दिँदै खिया लागेको औजार नियन्त्रणमा लिएको छ भने नवीकरणमा नभएका र बिगारिएका तराजु नियन्त्रणमा लिएको छ ।

अब छोरीलाई छोरा सरह अंश

काठमाडौं । अब छोरीले पनि छोरा सरह अंश पाउने भएका छन् । भदौ १ गतेदेखि लागू भएको मुलुकी देवानी संहिता ऐनले अब छोरीलाई पनि अंशबण्डाको समान हकदार बनाएको हो । संहिताको परिच्छेद १० को अंशवण्डा सम्बन्धी व्यवस्थाको दफा २०५ मा सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि पति, पत्नी, बाबु, आमा, छोरा, छोरी सबै अंशियार मानिने उल्लेख छ । साथै दफा २०६ ले सबै अंशियारको हक समान रहने छ भनेर स्पष्ट उल्लेख गरेको छ ।

यसअघि २०६३ सालको अन्तरिम संविधानमै पैतृक सम्पत्तिबाट छोरीले पनि अंश पाउने व्यवस्था गरेको थियो । तर त्यसको कार्यान्वयनमा अन्य कानुनहरु उदार बन्न नसक्दा छोरीहरुले अंश पाउन सकेका थिएनन् ।

दाइजो दिन जति नै सम्पत्ति खर्च गरे पनि समाजले छोरीलाई अंश दिने विषय अझै पनि सहज ठान्न सकेको छैन । ०६३ को अन्तरिम संविधानले छोरीले पनि अंश पाउने उल्लेख गरेको भए पनि त्यस बमोजिमको हक दावी गर्दै अंश लिने छोरीहरु भने कम देखिए । अहिलेसम्म पनि एकाध बाहेक कुनै पनि बाबुआमाले छोरीलाई अंश दिने चलन छैन । उजुरी नै दिएपनि छोरीलाई अंश दिलाउने कानुनहरु यस अघि पर्याप्त थिएन ।

२०२० सालमा बनेको मुलुकी ऐनले पनि ३५ वर्षको उमेरसम्म बिहे नगरेका छोरीलाई छोरा सरह अंश दिने व्यवस्था गरेको थियो । त्यसलाई २०५९ सालमा संशोधन गरेर छोरा र छोरीलाई अंश दिने व्यवस्था गरे पनि विवाहितले अंश नपाउने व्यवस्था गरेको थियो ।

२०६३ सालको अन्तरिम संविधानले पैतृक सम्पत्तिमा छोराछोरीको बराबर हक लाग्ने व्यवस्था गर्यो । तर त्यसका लागि आवश्यक प्रचलित कानुनहरु संशोधन नहुँदा छोरीले छोरा सरह अंश पाउने स्थिति अहिलेसम्म हुन सकेन ।

भदौ १ देखि लागू भएको मुलुकी देवानी संहिताले पुराना कानुनमा भएका बाधाहरुलाई सल्टाएको छ । संहिताले अंशमा छोरीहरुको पनि समान हैसियत कायम गरिदिएको छ । छोरा र छोरीलाई कुनै विभेद नगरी पैतृक सम्पत्तिमा बराबर अंश दिनुपर्ने व्यवस्था संहिताले गरेको हो । लैङ्गिक समानता कायम गर्न तथा लैङिगक हिंसा अन्त्य गर्न यस्तो व्यवस्था मुलुकी ऐनमै गरिएको महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता एवं प्रवक्ता संजिवराज रेग्मीले बताउनुभयो । यो ऐनले विवाहिता छोरीले पनि छोरा सरह अंश पाउने व्यवस्था गरेको हो ।

अहिले ऐनमा छोरालाई मात्रै अधिकार दिने व्यवस्था गरेका ठाउँमा छोरी शब्द पनि थपेको छ । साथै अविवाहिता छोरी भन्ने शब्द हटाएर सगोलकी छोरी (अंशियार) भन्ने शब्द राखेको छ । २०४७ सालपछि छोरीलाई पनि समान अंश दिनुपर्छ भनेर आवाज उठ्दै आएको थियो । सर्वोच्च अदालतले छोरीलाई पनि अंश दिन मिल्ने गरी कानुन बनाउन यसअघि पटकपटक निर्देशन तथा फैसला गर्दै आएको थियो ।

यो ऐन कार्यान्वयनमा आएसँगै अब छोरीलाई दोहोरो अंश मिल्ने देखिन्छ । बिहे गरेको छोरीलाई पनि अंश दिने भनेसँगै जन्म घर अर्थात माइती पक्षबाट अंश पाउने निश्चित छ नै सँगै सोही ऐनमा श्रीमानको तर्फबाट पनि अंशियार रहने देखाएको छ । यसले छोरीलाई माइती पक्ष र श्रीमान पक्ष दुवैतर्फबाट अंश पाउने निश्चित गरिदिएको हो । त्यस्तै संहिताले अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र उनले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानेर अंश भाग छुट्याउनु पर्ने व्यवस्था गरेको छ ।

त्यस्तै वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतीबाट जन्मेका छोरा, छोरीले पनि अंश पाउने संहिताले व्यवस्था गरेको छ । संहिताको दफा २०७ मा भनिएको छ, 'कानून बमोजिम विवाह हुन नसक्ने, विवाह भएको नमानिने वा वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतीबाट जन्मिएका छोरा छोरीले त्यस्ता बाबु आमाबाट अंश पाउनेछन् ।'

थिमि टाइम्स साप्ताहिक

- आखाँ खोल र आफैलाई हेर त, के तिमीले जिइरहेको जिवन प्रति तिमी सन्तुष्ट छौ ?

- प्रत्येक व्यक्तिलाई आफ्नो भाग्य चुन्ने अधिकार छ ।

- बब् मार्ली

वर्ष १२ अङ्क ८ ने.सं. ११३८ गुँलागाः दशमी २०७५ भाद्र २० बुधबार
5 Sept. 2018 Wednesday

;DkfbsLo

चिकित्सकको आन्दोलन

नेपालभरिका चिकित्सक आन्दोलित भएका छन् । चिकित्सा जस्तो मानवीय र सेवादायक पेशामा संलग्न समूह पूरै सरकारको विरोधमा सडकमा आउनु कुनै पनि रुपमा सरकार तथा जनताका लागि सकारात्मक अवस्था होइन । देशभर लाखौं व्यक्ति हरेक दिन बिरामी हुन्छन् र कतिपय डाक्टरी सेवा उपलब्ध नभएको खण्डमा जीवन समेत गुमाउन पुग्छन् । नेपालमा कति डाक्टरले आफ्नो ज्ञान र क्षमताको दुरुपयोग गरेर बिरामीलाई ठूलो आर्थिक भार पार्ने वा कतिपय अवस्थामा उपचारका क्रममा हेलचेक्र्याइँ गरेर बिरामीको ज्यानै समेत गएका घटना अवश्य भएका छन् । तर त्यस्ता केही घटनालाई प्रतिनिधि बनाएर सम्पूर्ण चिकित्सा सेवालाई नै टाउको माथि तरवार झुण्डाएर उपचारमा जबर्जस्ती संलग्न गराउन सकिँदैन । बिरामीलाई उपचार गर्नैपर्ने तर बिरामी मरेको खण्डमा ज्यान मारेको सम्म अभियोग लाग्नसक्ने मुलुकी अपराध संहिता बनाइएको छ । यस्तो अवस्थामा डाक्टरहरूले उठाएका माग जायज छन्, चिकित्सकका मागको तुरुन्त सम्बोधन हुनु पर्दछ ।

आफ्नो पेशा गर्दागर्दै जानाजान वा अनजानमै भएको गल्तीका लागि डाक्टरहरूले सजाय पाउनै नहुने होइन, तर तिनको गल्ती वा अपराधलाई फौजदारी अभियोग बनाएर मुद्दा चलाउनु जायज देखिँदैन । आफूले उपचार गर्ने क्रममा बाहेक अन्य अवस्थामा डाक्टरले बिरामीको स्वास्थ्यमा असर पार्ने काम गरेकोलाई मात्र नियतवश भन्न सकिन्छ । त्यसलाई एक डाक्टरले गरेको गल्ती नभनी एक व्यक्तिको गल्ती मानिनुपर्छ र नियमपूर्वक अभियोग लगाउन अवश्यै सकिन्छ ।

तर, चिकित्सकले गर्ने गल्तीलाई बेवास्ता पक्कै गर्न सकिन्न । डाक्टरहरूले अत्यन्त धेरै औषधि चलाउने, महँगो एन्टिबायोटिक लेख्ने, सकभर जेनेरिक भन्दा ब्राण्डको नामको औषधि लेख्ने, बिरामीले बुझ्न नसक्ने अक्षरमा औषधिका नाम लेखेर आफूले चाहेको फर्मामा किन्न लगाउने, अपरेशन गर्नै नपर्ने बिरामीलाई पैसाका लागि अपरेसन गर्ने, आफ्नो पढाइले दिनेभन्दा अर्को अपरेशन गर्ने, जीवनको आशै नभएकोलाई भेन्टिलेटरमा राखेर अन्तिमसम्म पैसा असुल्ने आदि अनेक गलत काम पनि गरेका छन् । तर त्यस्तो गर्ने डाक्टरको संख्या नगण्य छ । कुनै पेशामा रहेका एक दुई गलत व्यक्तिका कारण सम्पूर्ण डाक्टरी पेशालाई नयाँ ऐनले आपराधिकरण गर्ने कोशिस गरेको छ ।

अहिलेको अवस्थामा डाक्टरले गरेका गल्ती हेर्ने निकायका रुपमा मेडिकल काउन्सिल छ । तर काउन्सिलमा सबै डाक्टरमात्र रहने कारणले गर्दा सर्वसाधारणको हित भन्दा आफ्नै पेशाको पक्षमा काउन्सिल पूर्वाग्रही नहोला भन्न सकिन्न । त्यसैले काउन्सिलमा पनि अन्य न्यायिक व्यक्ति तथा नागरिक समाजका प्रबुद्ध व्यक्तिको प्रतिनिधित्व गराएर डाक्टर विरुद्ध परेका उजुरीको सुनुवाई हुनु जरुरी देखिन्छ । कुनै डाक्टरले जानाजानी लापरवाही गरेको रहेछ भने निलम्बन गर्ने वा काउन्सिलको रजिस्ट्रेशन खारेज गर्ने सम्मको कारवाही गरिनु पर्दछ । कतिपय अवस्थामा डाक्टरले नियतवश नगर्दा पनि गलत उपचार हुन सक्दछ, त्यस्तो अवस्थाका लागि जोखिमको बिमा गरिनु अत्यन्त आवश्यक छ ।

चप्पल लगाउने नेता महलमा पुग्दा जनताको अवस्था किन दयनीय ?

– लोकनारायण सुवेदी

सबै पुराना मान्यता बेठिक हुँदैनन, न सबै नयाँ कुरा नै ठीक वा राम्रा हुन्छन् । ती दुवै कुरा जनता र राष्ट्रको, राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव समुदायको सापेक्षतामा कत्तिको उपयोगी र सहयोगी छन् ? त्यही वस्तुगत आधारमा तिनको निरुपण गर्नुपर्ने हन्छ, ठीक बेठीक छुट्याउनुपर्ने हुन्छ । चाहे त्यो कुरा दर्शन, विचार, सिद्धान्त र नीतिको सन्दर्भमा होस, चाहे राजनीति, अर्थतन्त्र, सामाजिक संरचना र संस्कृतिका विषयका कुरामा होस् ।

वैज्ञानिक, वस्तुगत तर्कका आधारमा तिनका बारेमा सही निष्कर्ष निकाल्न सकिन्छ र निकालिनुपर्छ । यो तरिकाले हामीलाई सही कुरालाई पक्रिन र गलत कुरालाई तिलाञ्जली दिन मद्दत गर्दछ । समाजलाई पहिलेभन्दा उन्नत, सभ्य र सुसंस्कृत दिशामा अघि बढाउन सही मार्गदर्शन गर्दछ । यसमा मुख्यतः उत्पादन, वितरण र उपभोगकै आधारभूत कुरा आउँछ । यसै कुरासँग अन्य तमाम कुरा जोडिएका वा अन्तर्सम्बन्धित भएका हुन्छन् ।

यस सन्दर्भमा पुराना राजनीतिक ज्ञाता चाणक्यको एउटा मान्यताको कुरा मात्रै गर्ने हो भने पनि धेरै कुरा सुस्पष्टरुपमा उजागर हुन सक्छ । चाणक्यले आफ्नो जमानामा शासन व्यवस्थालाई सल्लाह दिँदै भनेका थिए - 'प्रजाको सुख नै राजाको सुख हो' । यस कुरालाई मान्ने हो भने आदर्शरुपमा राजनीतिको लक्ष्य अरु केही होइन, केवल र केवल जनकल्याण मात्र हुन्छ ।

यहाँ के यथार्थ कुरा उल्लेख गर्नै पर्दछ भने हिजो 'नेता' शब्द र राजनीतिको क्षेत्रमा मात्र त्याग, बलिदान र देशका लागि निःस्वार्थ समर्पण गर्ने व्यक्तिका लागि मात्र यो सुरक्षित रहन्थ्यो । नेताले जनताका दुःखकष्टका भारलाई कम गर्दथ्यो । राजनीति एउटा सम्मानित र आदर्शको कुरा मानिन्थ्यो । तर, आज राजनीति यो लक्ष्यबाट बिस्तारै-बिस्तारै टाढा-टाढा हुँदै गइरहेको छ । राजनेताको सामाजिक लगावका सीमा खुम्चिँदै-खुम्चिँदै गइरहेका छन् । आज हरेक राजनीतिक दल जाति, धर्म र क्षेत्रको समेत आधारमा आफ्ना प्रत्याशी खडा गर्न थालेका छन् ।

राजनीतिको जातिकरण हरेक क्षेत्रमा चरमोत्कर्षमा पुग्न थालेको देखिँदैछ । यसको दुष्प्रभाव अन्य संस्थामा पनि नराम्ररी पर्दै गएको देखिएको छ । कारण के हो भने राजनीतितर्फको आकर्षणमा आज सेवाको भाव सकिँदै र निमिट्यान्न हुँदै गएको छ । त्यसैले राजनीतिमा पनि अन्य व्यापार व्यवसायजस्तै आजीविका अर्थात् व्यवसाय वा धनोपार्जनको माध्यम बनिसकेको वा बनिरहेको छ । त्यसैले आजका नेताले दुनियाको लागत अर्थात् नाफाको गणित अनुसार कदम उठाउन थालेका छन् ।

यस परिप्रेक्षमा आज हाम्रो देशको मात्रै कुरा गर्ने र सम्पन्न ३ तहको निर्वाचन र त्यसपछिको आजको स्थिति विकासलाई मात्र हेर्ने हो भने पनि राजनीति डरलाग्दो पैसाको खेलमा परिणत भएको छ र भइरहेको छ । आज त चुनावको टिकट पाउनदेखि लिएर मतदाताको मत पाउनसम्म हरेक चरण-चरणमा पैसै पैसाको खेल चल्ने गरेको छ । तल वडा सदस्यदेखि लिएर माथि संघीय सांसदसम्मका लागि लाखौं-करोडौंको हिसाबकिताब अर्थात् चुनावी कारोबार भएको वा हुने गरेको भुक्तभोगीले नै बताइरहेका छन् । अनि त के अस्वाभाविक हुँदैन यसरी चुनाव जितेपछि भने त्यो चुनावी खर्चको असुली गर्ने उपायको अबलम्बन गर्न थालिन्छ ।

चुनाव आयोगले चुनावी खर्चको जुन औपचारिक खर्च तोकेको छ, खर्चको विवरण प्रस्तुत गर्दा त्यही सीमाभित्र वा त्योभन्दा कम खर्च गरिएको नक्कली कागजात बनाइन्छ । कतिपय देशमा यस्तो असीमित चुनाव खर्च के कसरी घटाउने भन्ने चर्चा र विचार बिमर्श चल्न थालेको छ । तर, हामी कहाँ त यो कुरा अहिले सामसुम पारिएको छ । देशमा सर्वत्र भ्रष्टाचार बढ्नु र भ्रष्टाचारीमाथि प्रभावकारी कारबाही नहुनु र तिनलाई ढाकछोप र सामसुम पार्ने कार्यमा सत्ताधारी राजनैतिक दलहरू देखिनु यसैको ज्वलन्त उदाहरण हो ।

वास्तवमा राजनीतिमा आज प्रवेश गर्नेहरू धनाढ्य र सम्पन्न मात्रै हुने स्थिति छ । जसले गर्दा आम परिवर्तनकारी नेपाली जनआन्दोलनमा सक्रिय, समर्पित र संगठितरुपले संलग्नको कुनै अर्थ रहन छोडेको छ । फलतः राजनीतिमा अपराधीकरण र भ्रष्ट प्रवृत्ति व्यापकरुपमा बढ्दो छ वा बढ्दै जाने सम्भावन व्याप्त छ । यहाँ के उल्लेख गर्नु पनि अनुपयुक्त हुँदैन भने पहिला-पहिला राजनीतिककर्मीको व्यापक र प्रामाणिक जनाधार पनि हुन्थ्यो । उनीहरूमाथि नेतृत्वका कथित 'हाइकमान'द्वारा प्रायोजित नभएर जनतासँग जोडिएका हुन्थे निरन्तर भेटघाट र संवादको माध्यमद्वारा । उनीहरूका समस्या र त्यस क्षेत्रको यथार्थ स्थितिको खबर हुन्थ्यो । आज त सञ्चार जगतका चालू खबरहरू अर्थात् खबरतन्त्रले नै यो काम गर्ने गर्दछन् । उनीहरूकै समाचारमा भर पर्ने गरिन्छ । तिनैले नेताको छवि पनि निर्माण गर्ने गर्छन् ।

वास्तवमा 'सञ्चार व्यवस्थापन' राजनीतिको एउटा प्रमुख काम मानिने गरिन्छ र सञ्चारबाटै नेताहरू जनतासँग जोडिएको मानिन्छ । यो पनि जरुरी कुरा नै हो । तर, यसले जनतासँग प्रत्यक्ष सम्पर्कको स्थान कदापी लिन सक्दैन । निश्चय नै सञ्चारमाध्यम जनसम्पर्कका लागि भन्दा पनि प्रचारका लागि अवश्य सहायक हुन सक्छन् । यसमा कुनै द्विविधा छैन र हुँदैन । तर, तिनले कसको प्रचार के आधारमा गर्छन, अत्यन्तै गम्भीर र विचारणीय विषय छँदैछ । यस स्थितिमा आज दुःखका साथ भन्नैपर्छ कि 'जनता' र 'लोकतन्त्र' जस्ता अर्थपूर्ण शब्द केवल दलको नाम र मञ्चको भाषणमा मात्र सीमित हुन पुगेका छन् । त्यसले गर्दा हिजोभन्दा तिनको अर्थ पनि फरक पर्न थालेको छ । यस्तो अवस्थामा एकातिर जनसाधारणको छिट्टै बिर्सने बानी हुन्छ, अर्कोतिर आफ्ना ज्वलन्त समस्या प्रदेश र केन्द्रमा पुर्याउन लामो फन्को मार्नुपर्ने स्थिति हुन्छ ।

एउटा समय थियो - राजनीति क्षेत्रमा कोही संलग्न हुन जानु भनेको एक किसिमले सन्यास लिन जाने जत्तिकै ठूलो त्याग, समर्पण र उच्च आदर्शको कुरा मानिन्थ्यो । राजनीति तपस्या थियो । राजनीतिको ढोका तिनैका लागि मात्र खुल्दथ्यो, जसले आफ्ना व्यक्तिगत र पारिवारिक प्रायः सबै कुरा परित्याग गर्न तयार हुन्छन् । सर्वस्वहरण र जन्म कैद हुँदा पनि या फाँसीकै फन्दामा झुण्डिनु पर्दा पनि राजनैतिक नेता कार्यकर्ता उच्च तथा साँचो गौरवको अनुभूति गर्ने गर्दथे । तिनको सही अर्थमा आत्मबल अत्यन्तै उच्च र अनुकरणीय हुने गर्दथ्यो । तिनको तुलनामा आजका राजनेताको ठाँटबाट, वरिपरि लावालस्कर र तामझाम हेर्दा तिनले राजा महाराजालाई उछिनेको र कोशौं पछाडि छोडेको प्रतीत हुन्छ, भइरहेको छ । आजका यस्ता नेताले आफ्नो धरातल या भुइँ छोडिरहेका या छोडिसकेका छन् । त्यतिबेलाका नेता जनसुलभ थिए ।

आज त जनताले उनलाई भेट्न नै अत्यन्तै कठिन छ । उचित माध्यम बिना तिनलाई जनता कसैले सहज तरिकाले भेट्न र आफ्ना तत्कालीन र दीर्घकालीन समस्या राख्न पनि पाउँदैनन् । नेता छेउ निर्धक्क पुग्न सक्दैनन् । सत्तामा आसिन भएपछि नेता र जनताबीच परस्पर अन्तराल अरु बढ्न पुग्छ । नेताको आफ्नो घमण्ड र तुजुक पनि झन-झन् बढ्न थाल्छ । उसले तिनै कुरालाई अझ सम्वर्द्धन गर्न लाग्दछ । सत्तातन्त्र तिनैको व्यवस्थापन गर्न लागि रहेको हन्छ । यस्तो स्थितिमा नेता र जनताको संवाद झन-झन् कम हुँदै जान्छ । यसको अर्को एउटा पक्ष के पनि हुन्छ भने अहिलेका नेतालाई जनताबाट काटिएको प्रायः एकांगी र अधूरो अर्थ-सामाजिक चित्र नै मात्र मिल्ने र त्यसैमा रम्ने प्रवृत्ति र राजनीतिक संस्कृति बन्दछ ।

त्यसैले आज राजनीति अर्थकारी र लाभकारी विद्या बन्न गएको छ । जहाँ कम लागतमा बढी फाइदा सम्भव हुन सक्छ । सक्रिय राजनीतिमा शामिल हुँदा मानिसको सम्पत्तिमा जति बढी बृद्धि भयो त्यो चमत्कार जस्तै मानिन्छ । साधनभन्दा जति बढी आम्दानी केही वर्षमै बढेको देखिछ यो कुनै तन्त्र, मन्त्र, टुना, मुनाको अतिरिक्त कुनै सामान्य मानिसका लागि सम्भव छैन र हुँदैन । आज त राजनीतिमा सेवाको ठाउँमा स्थार्थ स्थापित र व्याप्त भइसकेको छ । यस स्थितिमा राष्ट्रिय राजनीतिको वैचारिक पृष्ठभूमि नराम्रोसँग खस्किँदै गएको र अनाकर्षक भएर ओझेलमा परेको देखिँदैछ ।

यसरी विचार, सिद्धान्त, नीति, नैतिकता, इमान्दारिता सबै कुराबाट राजनीति विमुख हुनु भनेको कुनै उन्नति बिल्कुलै होइन । यो अधोगतिको मात्र बाटो हो । यस स्थितिलाई चिरेर पुनः सही बाटोमा राजनीतिलाई खडा गर्ने महत्वपूर्ण दायित्व फेरि पनि समाजका निष्ठावान क्रान्तिकारी शक्तिकै काँधमा आउँछ । उनीहरूले यान्त्रिक नक्कल, कोरा भावुकता र पाखण्ड प्रदर्शनजस्ता कुरालाई बिल्कुलै छोडेर राजनीतिलाई जनता र राष्ट्रको हितमा सही किसिमले अघि बढाउने दायित्व निर्वाह गर्नै पर्दछ । यही मात्र सही बाटो हो - आमूल क्रान्तिकारी परिवर्तन, स्वाधीनता, समानता, समुन्नति र शतत् शान्तिका निमित्त ! अन्यथा अधोगतिको ओरालो लाग्नु शिवाय देश र जनताका लागि अरु केही हुन सम्भव छैन ।

- बाह्रखरीबाट

२१५ वर्ष बुढो रुख ढल्दा मानिसहरु तर्सिए

एजेन्सी। उत्तरी आयरल्याण्डमा एक तुफानपछि निकै विचित्र घटना भयो यहाँ तुफानले २१५ वर्ष पुरानो रुख ढल्यो । रुखका जरा जमिनबाट माथि आए । त्यहाँका केही मानिसहरु यसलाई हेर्न गए । जब उनीहरुले नजिकबाट हेरे जरामा अल्झिएका अड्डीहरुदेखेपछि आत्तिएर पुलिसलाई फोन गरे ।

डार्क हेजेस नामको यो चर्चित ठाउँमा जब पुलिस पुग्यो तब देख्यो कि रुखानि आधा कंकाल थियो । कंकालको केही भाग रुखको जरामा अल्झिएको थियो । पुलिसले पनि बुझ्न सकेन कि आखिर यहाँ भएको के थियो ? त्यसपछि पुलिसले केही वैज्ञानिकहरुलाई घटास्थ बोलायो । वैज्ञानिक पनि जरामुनिबाट निस्केका विचित्र कंकाल देखेर चकित थिए । जाँचमा थाहा भयो कि यो रुख करिब २१५ वर्ष पुरानो थियो । यो विशाल रुखलाई जुन तुफानले ढलायो त्यसको गति करिब १६० किलोमिटर प्रतिघण्टा थियो ।

वैज्ञानिकको लागि सबैभन्दा ठूलो प्रश्न यो थियो कि आखिर यो कंकाल कसको थियो र रुखमुनि कसरी आयो ? वैज्ञानिकहरुले आसपासबाट जानकारी जुटाएर अनुसन्धान गर्दै जाँदा निकै आश्चर्यजनक खुलासा भयो । वैज्ञानिकहरुले कार्बन डेन्टिङ प्रविधिबाट पत्तँ लगाए कि यो कंकाल जसको थिया उसको मृत्यु १७ देखि २० वर्षको उमेरको बीचमा भएको थियो । यो एक पुरुषको कंकाल थियो जसको मृत्यु १ हजार वर्ष पहिले भएको थियो ।

जाँचमा थाहा भयो कि यी व्यक्तिको शरीरलाई काटिएको थियो । उनको शरीरलाई बीचबाट काटेपछि हात पनि काटिएको थियो । यसबाट वैज्ञानिक यो नतिजामा पुगे कि यी व्यक्तिको मृत्यु प्राकृतिक थिएन । यसबाट अनुमान गरिएको छ कि यी व्यक्तिलाई कसैले दुश्मनीका कारणले वा सजाय दिँदा काटेका थिए वा उनको मृत्यु कुनै युद्धमा भएको थियो ।

फिफा उत्कृष्ट वर्ष खेलाडी अवार्डको अन्तिम तीनमै परेनन मेस्सी

काठमाडौं। लुका मोडरिकसँगै क्रिष्टियानो रोनाल्डो र मोहम्मद सलाह फिफा उत्कृष्ट वर्ष खेलाडीको अन्तिम तीनको मनोनयनमा परेका छन्। बार्सिलोनाका अर्जेन्टिनी स्टार लिओनल मेस्सी भने शीर्ष तीनमा पर्न सकेनन्। सन् २००७ मा पहिलो पटक फिफा उत्कृष्ट खेलाडीको अन्तिम तीनमा परेका उनले २००९ देखि १२ सम्म लगातार चार वर्ष अवार्ड नै जिते।

पछिल्लो पटक उनले २०१५ मा जितेका थिए। २००९ देखि ०१७ सम्म रोनाल्डो र मेस्सी मध्ये एकले पाएका छन्। तर, यो पटक मेस्सी शीर्ष तीनमै पर्न सकेनन्। लण्डनमा एक समारोहका बीच घोषणा गरिएको शीर्ष तीनमा मेस्सीसँगै विश्व विजेता टिम फ्रान्सका कोही पनि छैनन्।

रियल मड्रिडका मोडरिकबाट लगातार तीन पटक च्याम्पियन्स लिग जितेका लुका मोडरिकले क्रोएसियालाई विश्वकपको फाइनलमा पुऱ्याएका थिए। उनी विश्वकपको उत्कृष्ट खेलाडी पनि हुन्। उनले हालै मात्र यूईएफए अवार्ड जिते।

युभेन्टस जानुअघि पोर्चुगिज रोनाल्डोले रियल मड्रिडलाई लगातार तेस्रो पटक च्याम्पियन्स लिग जिताए। विश्वकपमा भने उनको प्रदर्शन उलेख्य रहेन। इजिप्टलाई विश्वकपसम्म पुऱ्याएका मोहम्मद सलाहले भने गत सिजन लिभरपुलका लागि ४४ गोल गरेका थिए। तर, च्याम्पियन्स लिगको फाइनलमा रियल मड्रिडसँग हाऱ्यो।

यस्तै उत्कृष्ट प्रशिक्षकका लागि फ्रान्सलाई विश्वकप जिताउने डिडियर डेसच्याम्पसँगै क्रोएसियाका लाट्को डालिस र रियल मड्रिडका पूर्वप्रशिक्षक जिनेदान जिदान छन्।

किम्फमा ६० देशका ३ सय ६० फिल्म

काठमाडौं इन्टरनेशनल माउन्टेन फिल्म फेस्टिभल (किम्फ) को १६औं संस्करणका लागि ६० देशका ३ सय ६० फिल्महरु दर्ता भएका छन्। आगामी डिसेम्बर ७ देखि ११ सम्म हुने फेस्टिभलका लागि उत्कृष्ट फिल्महरुको छनोट गरिने किम्फका अध्यक्ष वसन्त थापाले बताए।

डिसेम्बर ७ देखि ११सम्म हुने किम्फ प्रदर्शनपछि उत्कृष्ट घोषित हुने फिल्मलाई १५ सय डलर,

kimff Kathmandu International Mountain Film Festival

दोस्रोलाई १ हजार डलर र तेस्रोलाई ५ सय डलर पुरस्कार प्रदान गरिने छ।

नेपाली पानोरोमा ४० फिल्म दर्ता भएका छन्। शुक्रबार फिल्म दर्ताको अन्तिम दिन थियो।

सन् २००० देखि सुरु किम्फको १८ वर्षे इतिहासमा यसपटक सबैभन्दा बढी फिल्म दर्ता भएको आयोजकले जनाएको छ। हिमाल एसोसिएसनले हरेक वर्ष आयोजना गर्दै आएको किम्फले यस पटकको महोत्सवमा 'महिला'लाई केन्द्रीय विषय बनाएको छ। किम्फका लागि दर्ता भएका फिल्मबाट एक महिनाभित्रमा प्रदर्शनका लागि

नेपाली पानोरामा तर्फ उत्कृष्ट फिक्सन फिल्मलाई ७५ हजार रुपैयाँ र उत्कृष्ट डकुमेन्ट्रीलाई ५० हजार रुपैयाँ र प्रमाणपत्र प्रदान गरिने छ। किम्फमा पर्वतीय जनजीवन, वातावरण, साहसिक खेलकुद जस्ता विषयमा बनेका वृत्तचित्र, कथानक चलचित्र, लघु चलचित्र, एनिमेसन र प्रयोगवादी फिल्महरू देखाइने गरिएको छ।

बलिउडका ४ भिलेन, जो छन् हिरो भन्दा पनि चर्चित

मुम्बई - यदि बलिउड फिल्मको ९० दशकको कुरा गर्ने हो भने सो समय रहेका भिलेनको जस्तो भूमिका सायदै आज कसैको देख्न सकिन्छ।

उनीहरु अभिनयको दर्शक फ्यान मात्र थिएनन्। भिलेन भएपनि उनीहरुले दर्शक दिलमा राम्रो छाप छोड्न सफल थिए। 'जुन फिल्ममा भिलेन हुँदैनन् त्यो फिल्म अधुरो हुन्छ' भन्ने समेत बलिउडमा स्थापित भयो। बलिउडमा त्यस्ता कयौं चलचित्र बने जुन चलचित्रमा दर्शकले हिरो भन्दा बढी भिलेनलाई रुचाए। बलिउडका ती केही भिलेन जसको नक्कल अहिले पनि दर्शकले गर्ने गरेका छन्।

अमरिश पुरी

बलिउडमा मोगेम्बोको नामबाट जानिने अमरिश पुरीका यो डाइलग बुढादेखि बच्चासम्मको मुखमा झुन्डिएको छ। मिस्टर इन्डिया चलचित्र रिलिज पछि अमरिश पुरीले भारतीय चलचित्रको भिलेन प्रवित्तिमा अलग्गै हंगामा मच्चाए। पुरी अहिले जिवित छैनन्। तर उनले निर्बाह गरेको खलनायकी अभिनय दर्शकको दिल दिमागमा ताजै छ।

अमजद खान

बलिउडका सबैभन्दा चर्चित भिलेन पात्र गब्बर सिंह। सोले चलचित्रमा यो पात्र नहुदो हो फिल्म खल्लो लाग्थ्यो होला। यो चलचित्रको 'कितने आदमी थे..'डाइलग सबैभन्दा हिट भएको थियो। उनले निर्बाह गरेको गब्बर सिंह पात्र बलिउड चलचित्रको इतिहासमा सबैभन्दा अमर खलपात्र हो। यसको अलवा उनले कयौं चलचित्रमा भिलेनको भूमिका निर्बाह गरेका छन्।

शक्ति कपुर

लगभग १०० फिल्ममा भिलेनको भूमिका निर्वाह गरेका शक्ति कपुरले नकारात्मक भूमिकाबाट पनि दर्शकको मन जित्न सफल भए। पन्जावका बासिन्दा उनको असली नाम सुनील कपुर हो।

डेनी डेन्जोन्पा

फिल्म घातकमा भिलेनका रोल निर्वाह गरेका डेनी भिलेन चरित्र बख्तावर सिंहको नामबाट चिनिने गरेका छन्। भिलेन अभिनयबाट दर्शकको दिलमा राज गर्न सफल डेनी बलिउडका सफल भिलेन पनि हुन्। एजेन्सी

वक्सअफिसमा फलप तर राम्रा चलचित्र

एजेन्सी। कहिलेकाँहि राम्रा सिनेमाहरू दुर्भाग्यको सामना गर्छन भने झुर भनिएका सिनेमा दर्शकको आशिर्वादले वक्सअफिसमा चम्किन्छन्। तर सिनेमाको सौन्दर्यको मापन वक्सअफिसले कहिल्यै गर्न सक्दैन। यस्तै गुणस्तर सँगै तथ्याङ पनि आफ्नो पक्षमा पर्ने अवसर सधैं सिनेमालाई नहुन पनि सक्छ।

त्यस्तै घटना सन् १९९४ मा अमेरिकी ड्रामा फिल्म 'द सस्वाक रिडेम्पसन'ले भोग्यो। रिलिजपछि फिल्मले आफ्नो कथा र कलाकारको अभिनयको लागि जति तारिफ बटुल्यो, कमाइको मामिलामा भने फिल्म विर्सनलायक बन्न पुग्यो। फिल्मले त्यतिबेला १६ मिलियन अमेरिकी डलर मात्र कमायो।

पछि फिल्म एकेडेमी अवार्डमा ७ विधामा मनोनित भयो। फिल्मलाई पुनः पर्दामा रिलिज गरियो। दोश्रो रिलिजमा फिल्मले ५८.३ मिलियन अमेरिकी डलरमात्र कमाएन अमेरिका बाहिर मात्र फिल्मको ३ लाख २० हजार भिएचएस क्यासेट बिक्री भयो। टिभीमा पनि फिल्मलाई उस्तै रूचाइयो। फलस्वरूप फिल्म ९० को दशकमा रिलिज भएका सर्वोत्कृष्ट फिल्म मध्येको एक बन्न सफल भयो। आज यस फिल्मलाई 'आधुनिक क्लासिक' मानिन्छ। फिल्मलाई युनाइटेड स्टेटस् लाइब्रेरी अफ कंग्रेसले 'नेशनल फिल्म रजिष्ट्रि'मा दर्ता गरेको छ। फिल्म सास्कृतिक, ऐतिहासिक र सौन्दर्यशास्त्रिय' रहेको भन्दै सुचिकृत गरेको हो।

यस्तो नियति भोग्ने यो एकमात्र फिल्म होइन। यस्ता फिल्म अरू पनि छन्। यस फिल्मको जस्तै नियति भोग्ने र 'आधुनिक क्लासिक'को रूपमा चर्चित पाँच फिल्मको सूचि यस्तो छ।

ड्रेड : पृथक कथ्यशैली रहेको यस फिल्मका निर्देशक पेटे ट्राभिसलाई फिल्म प्रोडक्सनको बिचबाट नै निकालिएको थियो र बाँकी आधा फिल्मलाई लेखक एलेक्स गार्ल्याण्डले पूरा गरेका थिए। ४५ मिलियन अमेरिकी डलरमा तयार भएको फिल्मले लगानी उठाउन सकेन। फिल्मले केबल ४१ मिलियन अमेरिकी डलरमात्र कमायो। तर होम रिलिजमा भने फिल्मले कमालै गऱ्यो। फिल्मले एकदमै गतिलो कमाइ गऱ्यो। समिक्षकिय रूपमा 'कल्ट' फिल्म बन्न पुग्यो।

सुपरः सन् २०१० मा रिलिज भएको ब्ल्याक कमेडी ड्रामा फिल्म हलमा फ्लप भयो। २.५ मिलियनको लागतमा तयार भएको फिल्मले करिब ५ लाख अमेरिकी डलरमात्र कमाइ गर्न सक्यो। फिल्मले सुपर हिरो विशेषता विहिन सुपरहिरो फ्रान्क दार्बो नामक पात्रको कथा भन्छ। जसले फिल्ममा आफूलाई 'क्रिमशन बोल्ट' बताउँदै सुपरहिरोले गर्ने काम गर्छ।

दी असासिनेसन अफ जेसी जेम्सः ३० मिलियनमा बनेको फिल्मले लागतको आधामात्र हल रिलिजबाट कमायो। २००७ मा रिलिज भएको यस फिल्मले पछी डिभिडी लगायतका होम रिलिजको बजारबाट ९८ लाख अमेरिकी डलर बढिको कमाइ गर्न सफल भयो। समिक्षकहरूले फिल्मको कथ्यशैली, कलाकारको अभिनय र फिल्मको स्टाइलको तारिफ गरेका थिए। सिनेम्याटोग्राफीको लागि फिल्मले विशेष तारिफ बटुल्यो। फिल्मले एक हत्याको कथा भन्छ। फिल्ममा ब्राड पिट र क्यासी एफ्लेकले प्रमुख भूमिका निर्वाह गरेका छन्।

क्लाउड एटलसः फिल्म सर्वाधिक बजेटमा बनेको 'इन्डिपेन्डेन्ट' फिल्म थियो। एक सय ३० मिलियन डलरमा बनेको फिल्मले मात्र २ मिलियनको कमाइ गऱ्यो। रिलिजपछि फिल्मले दर्शक र समिक्षक राम्रो-नराम्रो दुई खाले प्रतिक्रिया बटुल्यो। विशेषगरी एकअर्कासँग गाँसिने कथाहरू र सम्पादनको लम्बाइका लागि फिल्मबाट आलोचित भयो भने सिनेम्याटोग्राफी, पार्श्व ध्वनी, दृश्य शैली, कलाकारहरूको अभिनय र मौलिकताको लागि प्रशंसित पनि छ।

आइडोक्रयासी : हल प्रदर्शनबाट फिल्मले जम्मा ४ लाख अमेरिकी डलर कमाएको फिल्मले होम रिलिजबाट ९ मिलियन अमेरिकी डलर कमायो। समिक्षक र दर्शक दुबैको नजरमा फिल्म राम्रो ठहरियो। व्याङ्ग्यात्मक यस फिल्मले फिल्मले त्यस्तो भविष्यको अमेरिकाको कल्पना गर्छ जहाँ अमेरिकालाई गुण्डाहरूले संचालन गर्दछन भने कृषिबालीमा पानीको सट्टा इनर्जी ड्रिंकले सिञ्चित गरिन्छ, स्टारवक्सले अधिक मूल्यमा यौन बेच्दछ, भने अमेरिकामा कुस्तिबाज तथा पोर्नस्टार अमेरिकी राष्ट्रपति बन्दछन्।

प्रो. हसना श्रेष्ठ
हसना लेडिज टेलर्स
मध्यपुर थिमि-१५, सुन्दरनगर चारदोबाटो
फोन नं. ०१-६६३३६५२
आकर्षक एवं आधुनिक डिजाइनका कुर्ता, सलवार, ब्लाउज लगायत सम्पूर्ण लेडिज ड्रेस सिलाउनको लागि हामीलाई सम्झनुहोस्।

इन्द्रेणी पोलिटेक्निक इन्ष्टिच्युट
सिटिईभिटीबाट सम्बन्धन
मध्यपुर थिमि-१५, गठ्ठाघर,
फोन नं. ०१-६६३०२५६, ९८५१०९९७०६
युवा स्वराजगार कार्यक्रमको लागि कृषि, इलेक्ट्रीकल्स, कार्पेन्टर, प्लम्बर, वाटर पम्प मर्मत, आल्मुनियम एण स्टेनलेस स्टिल फेब्रिकेटर, कम्प्यूटर, स्टिल फर्निचर, व्यूटिसियन, केयर गिभर तालिमको लागि सम्झनुहोस्।

पार्टी प्यालेसको दुनियाँमा एक उत्कृष्ट नाम
शंखधर पार्टी प्यालेस
सम्पर्कः ६६३८१६५, ९८४१४१६९११ (श्याम सुन्दर श्रेष्ठ), ९८४१३६८५३५ (पुरुषोत्तम श्रेष्ठ)
शंखधरचोक, मध्यपुर थिमि-१३ (शंखधरचोकबाट ५० मिटर दक्षिणतर्फ)
अत्याधुनिक सुविधासहित रमणिय पारिवारिक वातावरणमा विवाह, ब्रतवन्ध, तथा अन्य शुभकार्य लगायत सेमिनार एवं विविध प्रदर्शनीको लागि सधैं सम्झनुहोस्।

स्तरीय कपडाका साथै भरपर्दो सिलाईको लागि
तुल्सी टेलर्स
लेडिज एण्ड जेन्ट्स
सर्टिङ्ग सुटिङ्ग सेन्टर
मध्यपुर थिमि शंखधर चोक
(काठमाडौं जाने बसस्टपसँगै पहिलो
मो. ९८४१-२९९३४९ फोन नं. ६६३५७७०
अफिस, स्कूल र कलेजको ड्रेस सिलाउनुका साथै टाई पिन, बेल्ट र पर्सहरु पनि पाईन्छ।

राजभक्त श्रेष्ठ
बिजेन श्रेष्ठ
राज अटो पार्टस
मोटरसाईकलको पार्टस र एसेसरिज
मध्यपुर थिमि-१५, गठ्ठाघर, भक्तपुर
गठ्ठाघरचोकबाट सानोठिमी जाने बाटोमा
email: bikertimes46@yahoo.com

R. P. ELECTRONICS
Madhyapur Thimi-13, Shankhadhar Chowk
Ph. 01- 6631729, Mo. 9841300905, 9841113182
SAMSUNG LG IDEA Himstar NOKIA EXIDE Su-Kam

इमेलः thimi_times@yahoo.com
इमेलः thimitimes.weekly@gmail.com
वेवपेजः http://www.thimitimes.com.np

थिमि TIMES
5 Sept. 2018 Wednesday

बिकृत.......

काँय र पोङा बजाएर नचाइन्छ । नीलबाराही देवीले मानवको रुप धारण गरी बोडे नगरका स्थायी बासिन्दा मध्ये स्थानीय धों थरका एक जनालाई जंगलमा लगेर चार दिनसम्म गोप्य तबरले नाचको सम्पूर्ण विधि सिकाएदेखि यो नाचले निरन्तरता पाएको किंवदन्ती छ । नाच अवधिभर देवगणले खान नहुने, बस्न नहुने, बोल्न नहुने, दिसापिसाब गर्न नहुने र जुत्तासमेत लगाउन नहुने कडा प्रावधान रहेको छ ।

यसमा समूहगत देवगण मध्ये भैरव, द्वारपाल, बाराही, कुमारी, गणेश र सिंह गरी १९ व्यक्तिको सहभागिता रहन्छ । ती फरक देवदेवीका गण नाचको लागि कम्तीमा १०० जनाको संख्यामा सहयोगी आवश्यक हुन्छ । यस वर्ष १२ वर्षे मेला अन्तर्गत "खः त्यलेगु प्याखँ" को रुपमा नीलबाराही गणलाई विगतका वर्षमा भन्दा पृथक शैलीमा नचाइएको छ ।

नगदेशको महांकाली नाचः

नेपाल संवत् ६३३ मा राजा सुवर्ण मल्लले भक्तपुरमा नवदुर्गा नाच, बोडेमा नीलबाराही गणनाच, थिमि र नगदेशमा महांकाली तथा भैरव नाचको प्रारम्भ गरेका हुन् । अनिकाल परेको राज्यमा सहकाल र शान्तिको कामना गर्दै विभिन्न देवदेवतालाई पुकारेर देवगणहरुको नाच शुरु गरको बताइन्छ । करिव पाँच सय वर्षको इतिहास बोकेको महांकाली नाचलाई किंवदन्तीसँग जोडेको पनि पाइन्छ । नगरमा दुःख दिने भूत, पिचास, दैत्य भगाउन देवगणको नाच शुरु गरिएको स्थानियबासीको मान्यता हो । महांकाली नाच पनि गाइजात्राको भोलिपल्ट देखि चार दिनसम्म नचाइन्छ । तर यस वर्ष नगदेशमा दुई दिन मात्र नचाइएको छ ।

"नगदेश सांस्कृतिक पुचः" नामक संस्था गठन गरी महांकाली नाचलाई निरन्तरता दिन अक्षयकोषको स्थापना गरिएको स्थानिय स्वस्थानी वैद्य (महांकाली नाचका कलाकार)ले जनाए । केहि दशक यतादेखि मध्यपुरको ७ नं. वडा (साबिक वडा नं. ४, ५ र ६) नगदेशमा यो नाच निश्चित वर्ष बन्द हुने र पुनः सञ्चालनमा आउने क्रम जोडिंदै आएको देखिन्छ । यो क्रमभंग तोड्न पनि स्थानिय युवाको सक्रियतामा अक्षयकोष बनाइएको हो ।

थिमिको चपाचोमा भैरव नाचः

२०७० सालमा आयोजना गरिएको भैरव नाच पाँच वर्ष बन्द भएर पुनः यस वर्ष चपाचोको नासःननीमा संचालनमा आएको थिमि भैलः प्याखँ व्यवस्थापन समितिका सचिव विकास प्रजापतिले जनाए । यसअघि स्थानीय युवाको पहलमा मध्यपुर थिमि वडा नं. १० को तुलननी र कुम्हाननीमा भैरव नाच नचाइएको थियो । यो नाच पनि भाद्र कृष्णपक्ष द्वितिया देखि शुरु भएर चार दिन सम्म नचाइने परम्परा छ ।

जम्मा पाँच कलाकार रहने देवगणको टोलीमा यस वर्ष ज्यापुंगःको भूमिकामा आकास प्रजापति, प्रथम भैरवको रुपमा सुनिल प्रजापति, अन्तिम भैरवको रुपमा समीर शंखदेव तथा दुई दागिं (कुमारी)को रुपमा सुशन र सुजन प्रजापति छन् । भैरव नाचमा एक दर्जन दागः (काठ र छालाबाट बनेको बाजा), आठ वटा भुस्याः बाजा, आठ जनाले पोङा बाजा र मुहाली (सनई) बजाउने गरिन्छ । ति सम्पूर्ण कलाकारले भैरव नाचको लागि करिव एक महिना अघि देखि तयारी थालेका हुन् । सम्भवतः मध्यपुर थिमि कै सबभन्दा बढी गुरुहरुले संयुक्त रुपमा यो टोलमा भैरव नाचको प्रशिक्षण दिएका छन् ।

गुरुका रुपमा श्री श्रीगोपाल प्रजापति, कृष्णबहादुर, प्रेमकाजी, चन्द्रभक्त, बालकृष्ण प्रजापति रहेका छन् । धा बाजाका ३० देखि ३२ तालमा नचाइने यस नाच विभिन्न टोल तथा देवालयमा दुईदेखि तीन तालसम्म मात्र नचाइने चलन छ भने नित्यनाथ (नासःद्यो)को प्रांङणमा भने अनिवार्य नचाउनै पर्ने बताइएको छ । मन्त्रोचारण गरी नाच निकाली सकेपछि नाच समापन नभएसम्म देवता बनेर नाच्ने व्यक्तिले कसैको जुठो खान नहुने, शुद्ध भएर, निराहार बस्नुपर्ने कडा प्रावधान रहेको छ ।

भैरव (भैलः) नाचमा ८ देखि १२ वटा धा बाजा बजाइन्छ । धा बाजालाई साथदिन ८ जोडी भुस्याः, ४ वटा म्वायली र चारैवटा पोङा बजाइन्छ । यी बाजाहरुको सांगीतिक माहौलमा ज्यापुंगः, प्रथम भैरव, अन्तिम भैरव, दुई कुमारी क्रमबद्ध रुपमा नाच्दै आउँछन् । तिनीहरु भन्दा अगाडी एउटा चिलाख बत्ती हुन्छ भने बाजा समूह र गुरुहरु पछिपछि लाग्छन् । ठाउँ र परिस्थिति अनुरुप तालहरु फरक फरक बजाइन्छ । भैलः गः, नासः गः, भुस्याः गः, पों गः, फाकुचा गः, बाराही गः, सिं गः, बेताः गः, ब्याँ गः, लगायत मूख्यतया १२ गः तथा अन्य विविध तालहरु रहेका हुन्छन् । भैरव नाचको मूख्य आकर्षणको रुपमा नाचका क्रममा नाच्ने कलाकारहरुमा देवीदेवता प्रवेश भइ द्यः खाइगु भनी काम्ने हुन्छ । यस्तो काम्ने बखतमा सो कलाकारले केहि पनि चाल नपाउने हुन्छ । यस प्रकारको काम्ने कार्य द्यः खाइगु गर्दा २ मिनेट देखि ३ घण्टा सम्म पनि भएका उदारहणहरु छन् । यसो हुनुको मूल कारण नाच निकाल्नुपूर्व गरिने तान्त्रिक पूजा खात्सिल विधिबाट सिउ राख्ने मात्रामा आधारित हुन्छ । नेवार समुदायमा भैरवको स्थान उच्च रहेको भएर पनि कुल देवताका रुपमा पुज्ने देखि नाच देखाउने परम्परा कायम रहेको देखिन्छ ।

थिमिको बालकुमारीमा अष्टमातृका, भष्मासुर मोहिनी, महांकाली र इन्द्र अप्सरा नाचः

यस वर्ष मध्यपुरको लायकूस्थित बाकुननी (साबिक बालकुमारी) मा अष्टमातृका, भष्मासुर मोहिनी र महांकाली गरी तीन फरक किसिमका नाच आयोजना गरिएका छन् । अर्जुन श्रेष्ठ र निरन्जन श्रेष्ठले ती नाचलाई नेतृत्व गरेका छन् । भाद्र १२ गते देखि प्रत्येक साँझ करिव ६ बजेपछि नित्यनाथलाई समर्पित गर्दै पुराना बस्तीका टोल तथा चोकमा नाच नचाइँदै आएको छ । यो नाच दथुटोल, दिगुटोल, चपाचो, पोवु, भुँलाखेल, वाःननी हुँदै अन्य टोलमा परिक्रमा गराउनुपर्ने प्रचलन छ ।

यो नाचमा महांकाली, महालक्ष्मी, कुमारी, सिंह, मयुर, महिसासुर दैत्य, भूत भैरव, कवां, ख्याक र माकः (बाँदर) गरी जम्मा १८ कलाकारहरुको सहभागिता रहन्छ । नाचको सुरुआत र समापनमा विशेष पूजाआजा गरिन्छ । महांकाली नाचमा २१ फरक बाजाका ताल रहेकोमा सोही अनुरुप देवगण रुपी कलाकारहरुको नाच देखाइन्छ । नाचमा बालक देखि बृद्धा सम्मको आ-आफ्नै भूमिका रहन्छ । त्यस्तै इन्द्र अप्सरा नाचको सन्दर्भमा केहि वर्ष यतादेखि स्थानिय कायस्थ र बाके श्रेष्ठ थरका समुदायले प्रशिक्षण दिएर नाचलाई निरन्तरता दिएको पाइन्छ ।

मूल गुरुको रुपमा ज्ञानीलाल कायस्थ र कृष्णमान बाके श्रेष्ठको प्रशिक्षणमा इन्द्र, अप्सरा तथा बसुवाः गरी पाँच जना कलाकारले प्रत्येक वर्ष नाच देखाउने गरेका छन् । खिं बाजाको तालमा ताः बजाएर इन्द्रको वरपर चार जना अप्सरा तथा एक जना सेतै फुलेको दाह्री भएका बसुवाःको नाच अति नै रोमान्चित देखिन्छ ।

आर्थिक पक्षः

विगत केहि समय क्रमभंग भएका महांकाली, भैरव देखि मध्यपुरका अन्य सम्पूर्ण नाच पछिल्लो समय जुरमुराएको छ । विशेषगरी आर्थिक तथा भौतिक समस्याका कारण थलिएका अमूर्त सम्पदाले स्थानिय निकायको प्रोत्साहनसँगै जीवन पाएको हो । यस वर्ष स्थानिय निकायले संस्कृति संरक्षणको शिर्षकमा ३१ लाख ५० हजार बजेट विनियोजन गरेको छ । मध्यपुर थिमि नगरपालिका अन्तर्गत संस्कृति संरक्षण समितिका संयोजक तथा वडा नं. ६ का वडाध्यक्ष इन्द्रबहादुर प्रजापतिले नगरको संस्कृति संरक्षण गर्न बजेट विनियोजन गरिएको जानकारी दिए । बोडेको नीलबाराही नाचको लागि ३ लाख पचास हजार, नासःननी भैरव नाचको लागि २ लाख पचास हजार, लायकूको महांकाली नाचको लागि २ लाख तथा इन्द्र अप्सरा नाचको लागि एक लाख विनियोजन भएको छ । यस वर्ष इन्द्रजात्राको सन्दर्भमा थिमिमा जिब्रो छेड्ने जात्रादेखि अन्य वर्षभर गरिने फरक सांस्कृतिक गतिविधि संरक्षणको लागि नगरपालिकाले प्राथमिकता दिएर बजेट छुट्याएको बताएइको छ ।

संस्कृति, सम्पदा देखि सुसंस्कार आफैमा नगर र नगरबासीको पहिचान हो । यसलाई सरोकारवाला पक्षले संरक्षण गर्नुपर्ने दायित्व पनि हो । तर यी र यस्ता संस्कृति देखाएर बाह्य पर्यटक आकर्षित गर्ने देखि नाचको महत्व, विशेषता र मान्यतालाई लिपिबद्ध गर्नु अर्को आवश्यकता हो । संस्कृतिको शिर्षकमा यति धेरै बजेट विनियोजन भएसँगै यसको औचित्य तथा गुणात्मक परिणाम पुष्टि गरेर दीर्घकाल सम्म सुखद् प्रभाव देखिनुपर्छ ।

बिकृत.......

यौनधन्दाको आर्थिक चास्नी चाखेको हुन सक्ने आरोप लगाउँछन् एक संस्थाका पदाधिकारी भन्छन् किन समाजमा यस्ता विकृती बढ्दा समेत प्रहरीको ध्यान जान सकेको छैन त यसले समेत प्रष्ट्याउँछ यो धन्दाको मोटो रकम नै हुन सक्छ ।

अरनिको राजमार्ग अन्तर्गत सूर्यविनायकमा होटल खोलेका एक यौन व्यापारी भन्छन, सिधै यौनधन्दाको थलो खोलेमा प्रहरीको ध्यान सबै केन्द्रित हुने भएकाले होटलका नाममा यस्तो धन्दा गर्दा सहज हुने बताउँछन् । आफ्नो होटलमा आठजना यौनकर्मी महिला भएको र उनीहरूका लागि आफूले ग्राहकको जोहो गरि स्थान उपलब्ध गराउँदै आएको बताउँदै उनी भन्छन् आफ्नो व्यापार पनि राम्रो र कामै नगरी व्यापारभन्दा बढी आम्दानी हुने भएकाले समेत यो व्यवसाय रोजेको हुँ । आफूले कसैलाई दबाब नदिएको र यो व्यवसायमा आएकाहरू खुसीसाथ काम गरिरहेको समेत उनी बताउँछन् ।

बिकृत.......

नृत्य र वाद्यवादनको प्रशिक्षण दिइएको थियो । भारतको विभिन्न प्रदेश र राज्यहरुमा रहेका नेवारलाई अखिल भारतीय नेवाः संगठनमार्फत एकताबद्ध गर्ने प्रयास भइरहेको जानकारी दिँदै डुबर्सका गणेशबहादुर ले भने, 'भारतमा रहेका नेवारमा नेवाःको रूप छ तर नेवारीपन छैन । जातीय संगठन चलाइरहँदा आफ्नो भाषा, कला संस्कृति, बाजागाजा, संस्कारको बारेमा पनि ज्ञान चाहिँदो रहेछ । त्यसैले यहाँ सिक्न आएका हौं ।' सिक्किमका खगेन्द्र प्रधानले सिक्किम सरकारले नेपाली भाषा संसकृतिलाई धेरै सम्मान, सहुलियत र प्राथमिकता दिएको बताए । नेवारी भाषा र नेवा संस्कृतिलाई पनि उत्तिकै महत्व दिने गरेको बताए । इन्द्रजात्राको अवसरमा सिक्किममा सार्वजनिक बिदा हुने जानकारी उनले दिए ।

"स्वनिगःको लगानी तपाईहरुको आम्दानी"

स्वनिगः बचत तथा ऋण सहकारी संस्था लि.
SWANIGHA Saving & Credit Co-operative Ltd.
मध्यपुर थिमि ५, दुईपोखरी, फोन ०१–६६३५२३८/६६३६४२६

विषय : एघारौं बार्षिक साधारण सभामा उपस्थित हुने बारे ।

यस संस्थाको सञ्चालक समितिको मिति २०७५/५/२ गते बसेको बैठकको निर्णय अनुसार **एघारौं बार्षिक साधारण सभा** तपसिलमा उल्लेखित मिति, स्थान र समयमा हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्यहरुको उपस्थितको लागि अनुरोध गर्दछौं ।

साथै पत्र प्राप्त नभएमा यसै सुचनालाई आधारमानी सभामा उपस्थित भईदिनुहुन समेत अनुरोध गरिन्छ ।

कार्यक्रम
मिति : २०७५/भाद्र/३० गते शनिबार ।
स्थान : शुभश्री बैंक्वेट, पुरानो थिमि, सिद्धिकाली चोक
समय : विहान ७:०० बजेदेखि १० वजेसम्म ।

छलफलका प्रस्तावहरू
१) श्रीमान अध्यक्षज्यूले पेश गर्नुभएको संस्थाको बार्षिक प्रतिवेदन पास गर्ने ।
२) आव २०७४/७५ को लेखा परिक्षण प्रतिवेदन पेश र अनुमोदन गर्ने ।
३) आ.ब. २०७५/०७६ सालको लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४) सञ्चालक समितिबाट विभिन्न मितिमा गरिएको निर्णयहरु अनुमोदान गर्ने ।
५) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरु मध्येबाट आठ जना प्रतिनिधि तोक्ने ।
६) विनियम संशोधन सम्बन्धमा ।
७) विविध

सचिव
सोम तामाङ

– नेपालको संबिधानले नागरिकलाई अधिकारको व्यवस्था गर्नुका साथै कर्तव्यको पनि व्यवस्था गरेको छ । यसर्थ प्रत्येक नागरिकले आफ्नो सार्वजनिक सरोकारको बिषयमा सूचना माग गरी सजग नागरिकको पहिचान बनाउनु प्रत्येक नेपाली नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

मो नं. ९८४१३७७४४०, ९८४१६२१७३७
प्यासिफिक फुड ल्याण्ड
मध्यपुर थिमि, भक्तपुर–१४, (अरनिको हाइवेसँगै बालकुमारी कोलोनीसँगै)
यहाँ २०० जना सम्मको लागि शुभ कार्य तथा सेमिनार गोष्ठी कार्यक्रम गर्न हलको व्यवस्था पनि छ । साथै क्याटरिङको व्यवस्था पनि छ ।

Ganga Digital Electronics
Madyapur Thimi-13 Shankhadhar Chowk
Phone 6637615
(नयाँ शाखा मध्यपुर हस्पिटलसँगै)
Ph. 6638743
KONKA Whirlpool ROWA WEGA SONY force SAMSUNG LG

प्रगती टेलर्स
लेडिज एण्ड जेन्ट्ससर्टिङ्ग सुटिङ्ग सेन्टर
अमर पार्टी प्यालेस अगाडि, दक्षिणबाराही मार्ग
मो. ९८४१–२९३२६६ फोन नं. ६६३२०४६
बिगत २१ बर्ष देखि निरन्तर रुपमा सेवा दिदैं आईरहेको

मध्यपुर इलेक्ट्रीक सेन्टर
मध्यपुर थिमि नपाः१५, गट्ठाघर
kf] kd s[0f >]7
मो. नं. ९८४१–६५८४३४
फोन नं. ०१–६६३४६१६

कम्प्यूटर होलसेल
cartridge refill & Sales
Computer sales and repairing
Computer networking
Inverter, Battery & DVR (c/c camera)
Global IT Support
Sundar Shrestha
Shankhadhar Chowk, Thimi
Next to Yachu Party Venue
www.sundarstore.com
Ph: 01-6638110

तपाईहरुकै चिरपरिचित
प्रो. अष्टबज्र बज्राचार्य
हिराबज्र ज्वेलरी
मध्यपुर थिमि–१३, शंखधर चोक
Hira Baira Jewellery
MADHYAPUR T[redacted]3, SHANKHA[redacted]
[redacted]6632809
सुखको ग[redacted]. दुःख[redacted]

प्रकाशक/कार्यकारी सम्पादकः दीपक श्रेष्ठ, सम्पादकः ई. सूर्य बहादुर प्रजापति सम्बाददाताः गोपाल (न्हां) श्रेष्ठ, दिपीका श्रेष्ठ कार्याल[redacted]र [redacted]६५२,
९८५११०२२७३, ५५४३४६९ (ललितपुर) मुद्रणः धिम्ले अफसेट प्रेस, अनामनगर, सल्लाहकारः मदनकृष्ण श्रेष्ठ, क[redacted]ल[redacted]